संघीय संसद

# राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## वार्षिक प्रतिवेदन ०७५/०७६



## संघीय संसद सचिवालय

सिंहदरवार, काठमाडौं ।

संघीय संसद

# राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## वार्षिक प्रतिवेदन ०७५/०७६

**संघीय संसद सचिवालय**

**सिंहदरवार, काठमाडौं ।**

सम्पर्क : ०१-४२११७६६, ०१-४२००११०, ०१-४२०००३०

इमेल: **lmc@parliament.gov.np**

वेब साईट: **www.na.parliament.gov.np**

## विधायन व्यवस्थापन समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | क्र.सं. | नाम, थर |
|---|---|---|---|
| १. | **माननीय परशु राम मेघी गुरुङ्ग -सभापति** | २. | माननीय श्री अनिता देवकोटा -सदस्य |
| ३. | माननीय श्री उदया शर्मा पौडेल -सदस्य | ४. | माननीय श्री जितेन्द्र नारायण देब -सदस्य |
| ५. | माननीय श्री ठगेन्द्र प्रकाश पुरी -सदस्य | ६. | माननीय श्री नन्दा शर्मा चपाई -सदस्य |
| ७. | माननीय श्री प्रकाश पन्थ -सदस्य (मिति २०७५/१२/०४ देखि) | ८. | माननीय श्री बद्री प्रसाद पाण्डे -सदस्य (मिति २०७५/१२/०४ सम्म) |
| ९. | माननीय श्री मिना बुढा मगर -सदस्य | १०. | माननीय श्री यूटोल तामाङ्ग -सदस्य |
| ११. | माननीय श्री राम लखन हरिजन -सदस्य | १२. | माननीय श्री वृषेश चन्द्र लाल-सदस्य |
| १३. | माननीय श्री शेर बहादुर कुँवर -सदस्य | १४. | माननीय श्री सिंग बहादुर बि.क. -सदस्य |
| १५. | माननीय श्री हरि चरण शिवाकोटी -सदस्य | | |

## समितिमा कार्यरत कर्मचारीहरु

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री मनोज कुमार गिरी | समिति-सचिव |
| २. | श्री नागेन्द्र प्रसाद चौधरी | उप-सचिव |
| ३. | श्री जीवनकुमार निरौला | शाखा अधिकृत |
| ४. | श्री सुसिता दुवाडी | कम्प्युटर अपरेटर |
| ५. | श्री रमा कुँवर | नायब सुब्बा |
| ६. | श्री कृष्ण प्रसाद पाण्डे | नायव सुब्बा |
| ७. | श्री चिरीकाजी महर्जन | कार्यालय सहयोगी |
| ८. | श्री अनिल कुमार राई | कार्यालय सहयोगी |

# मन्तव्य

राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिले आर्थिक वर्ष ०७५/०७६ को अन्त्य सम्ममा सम्पादन गरेका कार्यहरु समावेश गरी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम प्रस्तुत वार्षिक प्रतिवेदन पेश गर्दछु ।

संघीय संसद, राष्ट्रिय सभाको आजको यस गरिमामय बैठकमा विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । यस प्रतिवेदनमा मिति २०७५ भाद्र १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म भएका समितिका निर्णय एवं काम कारवाहीहरुसमावेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त अवधिमा समितिका १२३ वटा बैठकहरु सम्पन्न हुनुका अतिरिक्त समिति अन्तर्गत गठित विभिन्न उपसमितिहरुका समेत अनेक औपचारिक/अनौपचारिक बैठकहरु बसेका थिए । समितिको कार्यक्षेत्र अन्तर्गत विधायन व्यवस्थापन र ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान रहेको छ । आफ्नो कार्यक्षेत्रका सम्बन्धमा समितिले सुक्ष्मरुपमा अध्ययन विश्लेषण गरी आवश्यक नीतिगत तथा कार्यगत व्यवस्था गरेको छ । समितिको कार्यक्षेत्र अन्तर्गत गरिने काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि समितिको बैठक सञ्चालन कार्यविधि, २०७५ र ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान कार्यविधि, २०७५ बनाएको छ ।

यस समितिले नेपालको संविधान, प्रचलित कानून र संसदीय परम्पराभित्र रहेर आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आएको छ । राष्ट्रिय सभा नियमावली, २०७५ ले तोकिदिएको समितिको कार्यक्षेत्र अन्तर्गत समितिमा प्राप्त हुने विधेयकमाथिको दफाबार छलफल कार्यलाई आवश्यकता अनुसार प्राथमिकता र महत्वका साथ सम्पादन गर्दै आएको छ । त्यसैगरी ऐन कार्यान्वयनको मापन तथा अध्ययन, अनुसन्धानको कार्यलाई समेत संगसंगै गर्दै आईएको छ । यसका लागि आवश्यकतानुसार विभागीय मन्त्री, सचिव लगायतका सरकारी पदाधिकारी, नेपाल कानून आयोग, सम्बन्धित विषयका विज्ञ, नागरिक समाज र सरोकारवालाहरुलाई समितिले

आफ्नो बैठकमा आमन्त्रण गरी गहन विचार विमर्श, छलफल, विश्लेषण साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षण जस्ता विषयमा जानकारी लिनुको साथै विद्यमान समस्याहरुको समाधान र जनइच्छाको सम्वोधनको लागि सम्बन्धित निकायलाई खबरदारी गर्दै आएको छ ।

समितिले आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा मन्त्रालय, आयोग, निकायहरुसँग सहकार्य, सहयोग र समन्वयात्मक भूमिका खेल्दै आएको छ । समितिको कार्य सम्पादनको क्रममा  सरकारको तर्फबाट भएको सहयोग सन्तोषजनक रहेको छ । यद्यपि, ऐन कानून सम्बन्धी नीतिगत विषय, यसलाई समृद्ध बनाउने विषयमा भने थप समझदारी, सहकार्य र समन्वयको आवश्यकता महसुस गरिएको छ ।

अन्त्यमा, समितिको कार्यमा सहयोग गर्नु हुने समितिका सबै माननीय सदस्यहरु, नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवं निकायहरु, संघीय संसद सचिवालय, विभिन्न संघ संस्थाहरु र सञ्चार जगतलाई समेत धन्यवाद दिन चाहन्छु र भविष्यमा पनि सहयोग पाउने अपेक्षा राखेको छु ।

धन्यवाद !!!

**मा. परशुराम मेघी गुरुङ्ग**
**सभापति**

मिति २०७६ असोज २

# विषय-सूची

**विषय** **पृष्ठ**

**प्रतिवेदनको सारसंक्षेप**......................................................i

परिच्छेद-१

**प्रारम्भिक**......................................................१

*१.१. पृष्ठभूमि :*......................................................१

*१.२. समितिको गठन :*......................................................२

परिच्छेद-२

**समितिले सम्पादन गरेका कार्यहरु**......................................................५

*२.१ बैठक तथा छलफल :*......................................................५

*२.२ कार्यक्रम, कार्यशाला तथा गोष्ठी सञ्चालन :*......................................................५

*२.३ मन्त्रालय र आयोगहरुसँग विवरण माग :*......................................................८

*२.४ विधेयक व्यवस्थापन सम्बन्धी कार्यहरु :*......................................................९

*२.५ विधायन समितिमा प्राप्त विधेयकहरु माथिको दफावार छलफलबाट भएका संशोधनहरुको अवस्था*......११

परिच्छेद - ३

**ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान**......................................................१६

*३.१. विवरण पठाएका मन्त्रालय/आयोगहरु :*......................................................१६

*३.२ मन्त्रालय/आयोगबाट प्राप्त विवरणहरु :*......................................................१७

*३.३ प्राप्त विवरणको अध्ययनबाट पाईएका तथ्यहरु:*......................................................२३

*३.४ सुझावहरु:*......................................................२७

परिच्छेद - ४

**निष्कर्ष**......................................................३०

अनुसूचीहरु

**अनुसूची-१ समितिको बैठक सञ्चालन कार्यविधि, २०७५**......................................................३२

**अनुसूची-२ ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि, २०७५**......................................................३७

**अनुसूची-३ विधायन व्यवस्थापन समितिबाट पारित भएका विधेयक सम्बन्धी प्रतिवेदनहरु**......................................................४२

# प्रतिवेदनको सारसंक्षेप

सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम, कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि राष्ट्रिय सभामा संविधानको धारा ९७ बमोजिम विभिन्न समितिहरु रहेका छन् । विभिन्न विषयगत समितिहरुमध्ये विधायन व्यवस्थापन समिति पनि एक हो । यस समितिको कार्यक्षेत्र अन्तर्गत समितिमा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी विषय रहेका छन् ।

यससमितिले नेपालको संविधान, प्रचलित कानून र संसदीय परम्पराभित्र रही आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ । समितिमा दफावार छलफल गरी प्रतिवेदन पेश गर्नका लागि विधेयकमाथिको दफावार छलफलको क्रममा सम्बद्ध विभागीय मन्त्री, सचिव लगायतका सरकारी पदाधिकारी, विषय विज्ञ, नागरिक समाज, सरोकारवाला समेतलाई समितिले आफ्नो बैठकमा आमन्त्रण गरी घनिभूतरुपमा छलफल गराई सबैको सहमतिमा समृद्ध बनाउने कार्य गर्दै आएको छ ।

त्यसैगरी नेपालको संसदीय ईतिहासमा ऐनको मापन, अध्ययन र अनुसन्धान कार्य समितिको कार्यक्षेत्रमा परेको विषय नितान्त नयाँ भएकोले प्राप्त अवसर र चुनौतीलाई गम्भिरता पूर्वक लिई कार्य प्रारम्भ गरेको छ ।  संसदको मुख्य कार्य कानून निर्माण गर्नु हो । यस्ता कानूनले के कसरी काम गरिरहेको छ भन्ने सम्बन्धमा पनि संसदले जानकारी राख्नु आवश्यक हुन्छ । कानूनको कार्यान्वयनको जिम्मा रहेको कार्यकारीले कानूनको सही ढङ्गले कार्यान्वयन गरेको छ कि छैन ? प्रत्यायोजित अधिकारको प्रयोग ठिक ढङ्गले गरिएका छन कि छैनन् ? यी कुराहरुको निगरानी गर्नु समेत संसदको दायित्वभित्र पर्दछ ।

प्रचलित कानूनहरुको कार्यान्वयनको विद्यमान अवस्था तथा यसले जनमानसमा पारेको प्रभावको बारेमा समितिबाट गरिने अध्ययन, अनुसन्धान नै कानूनको मापन हो । यस समितिबाट यस कार्यको प्रारम्भ भएको छ । यसले संसदको निगरानीको भूमिका अभिवृद्धि गर्नुका साथै संसदको गरिमा बढाउन समेत मद्दत गर्दछ । कानूनको मापनले कानून कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै भविष्यमा निर्माण गरिने कानूनका लागि पृष्ठपोषण प्राप्त भै व्यवहारिक र प्रभावकारी बनाउन सहयोग पुग्छ । यसका लागि समितिले सम्बद्ध सबै पक्ष, सरोकारवाला, विषय विज्ञ, अनुसन्धानकर्ता, विश्वविद्यालय, नागरिक समाजसँगको सहकार्यलाई जोड दिएको छ ।

समितिले ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धानलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि छुट्टै कार्यविधि समेत बनाएको छ । जनसरोकारका प्रमुख विषयहरुमा माननीय सदस्यहरु रहेको अध्ययन उपसमिति गठन गरी अध्ययन, अनुसन्धानको कार्य भैरहेको छ । निकट भविष्यमा नै विश्वविद्यालय तथा अनुसन्धान कार्यमा संलग्न संस्थाहरुसँग सहकार्य गरी विज्ञहरुको सहयोगमा अनुसन्धान कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेतर्फ प्रयास भइरहेको छ ।

समग्रमा समितिका केही कार्य नितान्त नयाँ प्रकृतिको भएकोले प्रारम्भमा भए गरेका कार्यले सोचे अनुरुप गति नलिए तापनि सीमित स्रोत, साधन र जनशक्तिका बावजूद जे जति गर्न सकिएको छ, त्यसलाई सन्तोषजनक रुपमा लिन सकिन्छ । साथै यसले एउटा नयाँ गोरेटो बनाउने कार्य गरेको छ । यद्यपि समितिको समग्र कार्यलाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि आगामी दिनमा विद्यमान स्रोत, साधनको न्यूनतालाई परिपूर्ति गर्नुका साथै जनशक्तिको दक्षता विकासमा जोड दिनु पर्ने आवश्यकता रहेको छ ।

# परिच्छेद-१

# प्रारम्भिक

## १.१.पृष्ठभूमि :

नेपालको संविधानले राज्यको अङ्गहरुका कार्यक्षेत्रहरु तोकी संघीय व्यवस्था अनुरुप संसदबाट सम्पादन हुने विधायिकी अधिकारलाई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड गरेको छ । यसरी बाँडफाँड गरिएको क्षेत्राधिकारको सन्तुलन र वैधता कायम गर्न संघले बनाएका कानूनको प्रतिकूल नहुने गरी प्रदेश सभा र स्थानीय सभाले कानुन बनाउने संवैधानिक व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ८३ अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिका (संघीय संसद) को व्यवस्था रहेको छ । त्यसैगरी धारा ८४ मा प्रतिनिधि सभाको गठन र धारा ८६ मा राष्ट्रिय सभाको गठन व्यवस्था गरेको छ । एवं प्रकारले धारा ९७ मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले समितिहरु गठन गर्न सक्ने व्यवस्था छ । संघीय संसदको प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम, कारबाही र कुनै सदन वा समितिको कार्यविधि नियमित गर्न नियमावली बनाउन सक्ने व्यवस्था धारा १०४ ले गरेको छ । संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन संसदभित्र संसदीय समितिहरुको गठन गरिन्छ । संसदीय व्यवस्थामा संसदीय समितिहरुको भूमिका महत्वपूर्ण हुन्छ । संसदीय समितिलाई मिनि पार्लियामेन्ट (Mini Parliament) पनि भनिन्छ ।

संसदीय समितिहरु संसदका वास्तविक कार्यशाला (Workshop of Parliament) हुन् । सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउने प्रमुख माध्यम संसदीय समितिहरु नै हुन् । यही कुरालाई आत्मसात् गरी राष्ट्रिय सभामा विभिन्न विषयगत समिति रहने व्यवस्था राष्ट्रिय सभा नियमावली, २०७५ ले गरेको छ । सो नियमावलीको नियम १४७ ले व्यवस्था गरे अनुसारका विषयगत समितिमध्ये विधायन व्यवस्थापन समिति पनि एक हो ।

समितिले राष्ट्रिय सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन र ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धान कार्य गर्दै आएको छ । सरकारको तर्फबाट संसदमा प्रस्तुत भई सदनको निर्णयानुसार समितिमा दफावार छलफलका लागि प्राप्त विधेयक उपर सम्बन्धित विषयका विज्ञ, सरोकारवाला एवं मन्त्रालय सम्बद्ध पदाधिकारीलाई आमन्त्रण गरी गहन अध्ययन तथा छलफल

पश्चात् सदन समक्ष प्रतिवेदन प्रस्तुत गर्ने गरेको र त्यस्ता विधेयकहरुले ऐनको रुप लिइसकेका छन् भने कतिपय विधेयकहरु समितिमा विचाराधीन अवस्थामा रहेका छन् ।

संसदीय शासन प्रणालीमा संसदको मुख्य काम कानून निर्माण गर्नु हो । कानून बनाउने जिम्मेवारीको साथसाथै कार्यान्वयनको अनुगमन गर्ने र आफूले पारित गरेको कानूनले अपेक्षित परिणाम ल्याए नल्याएको मूल्याङ्कन गर्ने भूमिका संसदको हुन्छ । ऐनको कार्यान्वयन स्वतः नहुने र यो कार्य जटिल पनि हुने भएकोले यसको अनुगमन गर्ने जिम्मेवारी पनि संसदकै हुन्छ । कानूनको कार्यान्वयन कार्यपालिकाबाट हुने भएकाले सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था संसदप्रति कार्यपालिका सदैव जवाफदेही हुनु पर्दछ । कार्यपालिकालाई संसदप्रति जवाफदेही र उत्तरदायी बनाउनका लागि संसदको निगरानी आवश्यक मानिन्छ । नेपालको संसदीय ईतिहासमा पहिलो पटक ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धान सम्बन्धी विषयलाई समितिको कार्यक्षेत्रमा राखिएको छ, जुन चुनौतीपूर्ण अवसर यस समितिले प्राप्त गरेको छ ।

विधायनलाई कार्यान्वयन योग्य, समसामयिक र वोधगम्य तथा जनहित अनुकुल बनाउने सन्दर्भमा आवश्यक अध्ययन, अनुसन्धानका साथै मौजुदा ऐनको कार्यान्यन अवस्था र यसले पारेको प्रभावका सम्बन्धमा मापन, मूल्याङ्कन, अध्ययन र अनुसन्धान गरी देखिएका कमी, कमजोरी सुधार गर्न तथा सरकारको तर्फबाट बहन गर्नु पर्ने जिम्मेवारी र उत्तरदायित्व पूरा गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरुसँग संसदीय परम्परानुसार नै समन्वय र सहकार्यको अभ्यास गरिएको छ ।

## १.२.समितिको गठन :

राष्ट्रिय सभा नियमावली, २०७५ ले सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन राष्ट्रिय सभामा विभिन्न विषयगत समितिहरु रहने व्यवस्था गरेको छ ।

नियमावलीको नियम १४९ मा अध्यक्षले राष्ट्रिय सभाको सहमति लिई बढीमा पन्ध्रजना सदस्यहरु मनोनयन गर्ने व्यवस्था छ । समितिमा सदस्यको मनोनयन गर्दा सदनमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, सदस्यको व्यक्तिगत रुचि एवं ज्ञान र महिला, दलित, आदिवासी जनजाती, खस-आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय समेतको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिइने व्यवस्था रहेको छ । मिति २०७५/०५/०१

मा यस समितिको गठन भई मिति २०७५/५/१३ मा समितिका सभापतिको निर्वाचन सम्पन्न भएको थियो । समितिको सभापति माननीय श्री परशुराम मेघी गुरुङ्ग हुनुहुन्छ । हाल यस समितिमा १४ (चौध) जना माननीय सदस्य रहनु भएको छ ।

### १.३ समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार :

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ (१) अनुसार यस समितिको कार्यक्षेत्र सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी विषय रहेको छ ।

**समितिले आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही निर्वाह गर्नु पर्ने काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहकोछ :-**

(क) सभाबाट समितिमा प्राप्त विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने,

(ख) विधेयक उपर दफावार छलफलको क्रममा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेता, उपनेता र सचेतक लगायतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने,

(ग) प्रचलित ऐनको कार्यान्वयन अवस्थाको बारेमा मूल्याङ्कन, मापन तथा अध्ययन र अनुसन्धान गर्ने,

(घ) ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा ऐनमा संशोधन एवं परिमार्जन, खारेजी वा नयाँ कानूनको आवश्यकता सम्बन्धमा कारण सहितको सिफारिस सभामा प्रतिवेदन पेश गर्ने क्रममा समावेश गर्न सक्ने,

(ङ) ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानको क्रममा आवश्यकतानुसार विज्ञ वा विज्ञहरुको समूहको सहयोग लिन सक्ने ।

**समितिले ऐन कार्यान्वयनको मापन निम्न आधारमा गर्ने व्यवस्था गरिएको छ :-**

(क) मापन गरिने ऐनमा प्रत्यायोजित विधायन सम्बन्धी व्यवस्था रहेको भए सो अनुरुप कानून निर्माण गरे वा नगरेको,

(ख) ऐनको उद्देश्य, प्रयोजन र मनसाय बमोजिम ऐन कार्यान्वयन भए वा नभएको,

(ग) ऐनको कार्यान्वयनबाट अपेक्षित उद्देश्य हासिल हुन सके वा नसकेको,

(घ) तोकिएको मितिदेखि ऐन कार्यान्वयन भए वा नभएको,

(ङ) सर्वोच्च अदालतबाट प्रचलित ऐन वा सोको कुनै प्रावधान कार्यान्वयन नगर्न आदेश भए वा नभएको,

(च) राज्यका नीति तथा निर्देशक सिद्धान्त बमोजिम ऐन निर्माण र कार्यान्वयन भए वा नभएको,

(छ) ऐन बमोजिम संस्थागत संरचना गठन भए वा नभएको,

(ज) नेपाल पक्षराष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौता अनुकूल ऐन भए वा नभएको,

(झ) ऐनमा उल्लिखित कुनै प्रावधानलाई संशोधन गर्न आवश्यक रहे वा नरहेको ।

**समितिले ऐन कार्यान्वयनको मापन गर्दा निम्नमध्ये उपयुक्त लागेका एकभन्दा बढी विधि अवलम्बन गर्न सक्ने व्यवस्था रहेको छ :-**

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया,

(ख) स्थलगत अनुगमन, अवलोकन वा अन्य सम्बद्ध विधिद्वारा जाँच,

(ग) संवैधानिक आयोग, नेपाल सरकारको कुनै मन्त्रालय, निकाय वा सम्बद्ध पदाधिकारीसँग छलफल,

(घ) विषय विज्ञ वा विज्ञको समूह र नागरिक समाजसँग छलफल,

(ङ) विभिन्न विश्वविद्यालय वा अध्ययन, अनुसन्धान गर्ने संस्था वा निकायसँग छलफल,

(च) समितिले उपयुक्त ठहऱ्याएको अन्य विधि ।

# परिच्छेद-२

# समितिले सम्पादन गरेका कार्यहरु

## २.१ बैठक तथा छलफल :

समितिको बैठक २०७५ श्रावण २१ गतेदेखि बस्न शुरु गरी २०७५ आषाढ मसान्तसम्ममा जम्मा १२३ वटा बैठक बसेका छन् । ती बैठकहरुमा समितिमा प्राप्त विधेयकहरु तथा समितिको कार्यक्षेत्र अन्तर्गत ऐन मापन, अध्ययन र अनुसन्धान कार्यका लागि निर्णय गरिएका विभिन्न विषयहरुमा गहन छलफल तथा विमर्शहरु भएका थिए । यसका अतिरिक्त समितिले आफ्नो बैठकलाई व्यवस्थितरुमा सञ्चालन गराउनको लागि समितिको बैठक सञ्चालन कार्यविधि, २०७५ (अनुसूची-१) तयार गर्ने क्रममा र ऐन कार्यान्वयन मापन कार्यलाई समेत व्यवस्थित र प्रभावकारी बनाउनका लागि ऐन कार्यान्वय मापन, अध्ययन र अनुसन्धान कार्यविधि, २०७५ (अनुसूची-२) तयार गर्ने क्रममा विभिन्न चरणमा कार्यशाला, गोष्ठी, बैठक तथा छलफल गर्ने काम भएको थियो ।

यसका साथै प्रचलित ऐन कानून र तीनै तहको अन्तरसम्बन्धका विषयलाई समितिले महत्वका साथ  अध्ययन तथा छलफल कार्यक्रमहरु सञ्चालन गरेको थियो । समितिले केही महत्वपूर्ण ऐनहरुको मापन, अध्ययन र अनुसन्धान कार्यका लागि विषयगत अध्ययन उपसमितिहरु गठन गरेको थियो र ती उपसमितिहरुका पनि अनेकौं औपचारिक, अनौपचारिक बैठकहरु बसेका थिए । उपसमिति सम्बद्ध विषय समेतलाई एजेण्डा बनाई समितिमा थुप्रै छलफलहरु भएका थिए ।

## २.२ कार्यक्रम, कार्यशाला तथा गोष्ठी सञ्चालन :

संविधान जारी भएको तीन वर्ष पुगेको अवसरमा संविधानको संरक्षण, सम्वर्द्दन र कार्यान्वयका लागि दलहरुको भूमिका बढाउने सम्वन्धमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति र अन्तर-पार्टी सञ्जालको आयोजनामा मिति २०७५ असोज ४, ५ र ६ गते तीन दिनसम्म नासल चोक, हनुमानढोका, वसन्तपुरमा लोकतान्त्रिक मेला (Democratic Fair) आयोजना गरिएको थियो । यस लोकतान्त्रिक मेलामा नेपालका सबै राष्ट्रिय दलका प्रमुख नेताको सहभागितामा विभिन्न विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनुका साथै उक्त राजनीतिक दलहरुका स्टल समेत राखिएको थियो । मेलामा

डेनमार्क, केन्या, पाकिस्तान लगायतका विभिन्न मुलुकहरुका राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यस विधायन समितिको कार्यक्षेत्रभित्र पर्ने "ऐन कार्यान्वय मापन र अध्ययन, अनुसन्धान" विषयमा सबै पक्षलाई जानकारी गराउने उद्देश्यले सम्माननीय सभामुख, राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, कानून, न्याय तथा संसदीय मामिला मन्त्री, महान्यायाधिवक्ता लगायत सातवटै प्रदेश सभाका सांसद लगायतका प्रतिनिधि, विश्वविद्यालयका विज्ञहरु लगायत अन्य विभिन्न पक्षको सहभागितामा २०७५ कार्तिक ११ गते संघीय संसद सचिवालय, सिंहदरवारको कृषि तथा सहकारी समितिको सभाकक्षमा ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धानका विषयमा राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरिएको कार्यक्रममा नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेल र संविधान सभा सदस्य तथा वरिष्ठ अधिवक्ता श्री खिमलाल देवकोटाद्वारा क्रमशः "ऐन कार्यान्वयन तथा त्यसको मार्गचित्र" र "विधायिकी प्रक्रियामा अध्ययन, अनुसन्धान र यसको महत्व" विषयमा कार्यपत्र प्रस्तुत भै सो उपर डा. युवराज संग्रौला, डा. भोजराज पोखरेल, वरिष्ठ अधिवक्ता बलराम राउत, विज्ञ श्री कृष्णप्रसाद सापकोटा लगायतबाट टिप्पणी भई घनिभूत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

विधायन व्यवस्थापन समितिको कार्यक्षेत्रभित्र पर्ने "ऐन कार्यान्वय मापन र अध्ययन, अनुसन्धान" कार्यका लागि २०७५ पौष ६ र ७ गते एक कार्यशाला आयोजना गरी ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान कार्यविधि, २०७५ निर्माण गरी समितिको मिति २०७५ पौष १९ गतेको बैठकबाट सो कार्यविधिअनुमोदन भएको थियो । सो कार्यविधि अनुसूची-२ मा राखिएको छ ।

ऐन कार्यान्वयन मापन कार्यविधि अनुसार चारवटा विषयसँग सम्बन्धित ऐनहरुको प्रारम्भिकरुपमा मापन, अध्ययन र अनुसन्धान कार्यका लागि मिति २०७५ पौष २ गते निम्न अनुसारको उपसमितिहरु गठन गरिएको थियो :-

**१. यातायात सम्बद्ध ऐन अध्ययन उपसमितिः**

१) मा. वृषेशचन्द्र लाल - संयोजक

२) मा. जितेन्द्र नारायण देव - सदस्य

३) मा. राम लखन चमार - सदस्य

**२. भूमि सम्बद्ध ऐन अध्ययन उपसमितिः**

१) मा. ठगेन्द्र प्रकाश पुरी - संयोजक

२) मा. अनिता देवकोटा - सदस्य

३) मा. सिंग बहादुर वि.क. - सदस्य

४) मा. नन्दा चपाईं - सदस्य

**३. शिक्षा र स्वास्थ्य सम्बद्ध ऐन अध्ययन उपसमितिः**

१) मा. प्रकाश पन्थ - संयोजक

२) मा. हरिचरण शिवाकोटी - सदस्य

३) मा. यूटोल तामाङ्ग - सदस्य

**४. उपभोक्ता हित संरक्षण सम्बद्ध ऐन अध्ययन उपसमितिः**

मा. शेर बहादुर कुँवर - संयोजक

मा. उदया शर्मा पौडेल - सदस्य

मा. मिना बुढा - सदस्य

समितिका माननीय सदस्य र समितिमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विधेयकको संरचना तथा विधि निर्माण प्रक्रिया र संसदको भूमिका विषयमा २०७५ पौष ६ गते एक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा समितिका माननीय सदस्यहरु र समिति सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

मिति २०७५ माघ १८ र १९ गते विभिन्न मन्त्रालय, आयोगका कानून महाशाखा/शाखा सम्बद्ध कानून अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । जसमा १९ मन्त्रालय, आयोगका कानून अधिकृतहरु र समितिका माननीय सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धानको अवधारणा, आवश्यकता, महत्व, उपादेयता र यसका लागि विभिन्न पक्षले खेल्नु पर्ने भूमिकाका विषयमा अन्तरक्रिया भएको थियो । कार्यक्रमका श्रोत व्यक्ति नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेल, संविधान सभा सदस्य माननीय श्री खिमलाल देवकोटा, संघीय संसदका सह-सचिव (कानून) श्री अर्जुन कुमार खड्का र कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री लिलादेवी गड्तौला रहनु भएको थियो ।

## २.३ मन्त्रालय र आयोगहरुसँग विवरण माग :

ऐन कार्यान्वयन मापन (मूल्याङ्कन, सम्परीक्षण, समिक्षा) र अध्ययन, अनुसन्धान प्रयोजनका लागि समितिको मिति २०७५/०८/२१ गते बसेको बैठकले "मन्त्रालय/आयोग वा अन्तर्गत गठित निकायसँग सम्बन्धित ऐनहरुका सम्बन्धमा देहाय बमोजिमको विवरण माग गर्ने" निर्णय गरेको हुँदा मन्त्रालय/आयोगसँग सम्बन्धित वस्तुगत विवरणहरु १५ (पन्ध्र) दिनभित्र समितिलाई उपलब्ध गराउन अनुरोध गरिएको थियो । माग गरिएका विवरणहरु :-

१. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐनहरुको सूची,

२. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐन अन्तर्गतका वा अन्य व्यवस्था अनुरुप निर्माण भएका नियमावली, विनियमावली, कार्यविधि र निर्देशिकाहरुको सूची र सो प्रारम्भ भएको मिति,

३. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐन अनुरुप वा गठन आदेश अन्तर्गत गठित विभिन्न निकायहरुको सूची,

४. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित ऐन अन्तर्गतका कार्यान्वयन हुन नसकेको भए त्यस्ता प्रावधान र कार्यान्वयन हुन नसक्नुका कारण,

५. नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौताको प्रावधान बमोजिम संशोधन गर्नु पर्ने ऐनहरु भए तिनको सूची वा नयाँ निर्माण गर्नु पर्ने भए सो सम्बन्धी विषय,

६. संवैधानिक प्रावधान एवं नेपालको संविधानले अंगिकार गरेको सिद्धान्त (जस्तै लैङ्गिक समानता वा समावेशीकरण) लाई कार्यान्वयन गर्नका लागि संशोधन वा परिमार्जन गर्नु पर्ने त्यस मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐनहरुको सूची,

७. सर्वोच्च अदालतबाट मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित ऐनमा रहेका कुनै प्रावधानलाई संशोधन, निलम्वन वा खारेजी गर्ने गरी आदेश भएको भए त्यस्ता ऐनहरु (सूची) तथा त्यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत कुनै ऐन निर्माण गर्न आदेश भएको भए त्यस्तो विषय,

८. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐनमा रहेको दण्ड जरीवाना वा सजाय र कसूर वा अपराधको मात्राबीच तादात्म्यता नदेखिएको (उदाहरणको लागि अपराध वा

कसूरको मात्राभन्दा दण्ड, जरिवाना वा सजायको मात्रा घटी वा बढी देखिएको) भए ती ऐनहरुको सूची र त्यस्ता प्रावधानहरु,

९. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग एवं अन्तरमन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐनका बीच दोहोरोपना देखिएको भए त्यस्ता ऐनहरुको सूची र तत्सम्बन्धी प्रावधानहरु,

१०. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित संशोधन वा खारेज गर्नु पर्ने देखिएका ऐन वा त्यस सम्बन्धी प्रावधानहरु,

११. मन्त्रालय/आयोगलाई लागेको यस सम्बन्धी अन्य राय/सुझाव भए सो सम्बन्धी कुराहरु ।

## २.४ विधेयक व्यवस्थापन सम्बन्धी कार्यहरु :

यस अवधिमा समितिको नियमित विधायन व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत सरकारको तर्फबाट संघीय संसदमा प्रस्तुत भई राष्ट्रिय सभाको निर्णयानुसार विभिन्न विधेयकहरु दफावार छलफलको लागि समितिमा प्राप्त भएका थिए । समितिले देहायका विधेयकहरुमाथि दफावार छलफल गरी प्रतिवेदन बुझाएको र सो प्रतिवेदनको आधारमा संघीय संसदबाट विधेयक पारित भइसकेका छन् :-

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
२. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन गर्न बनेको विधेयक, २०७५
३. वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५
४. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५
५. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५
६. अपराध पीडितको संरक्षण सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५
७. बालबालिका सम्बन्धी विधेयक, २०७५
८. प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी (आधार र मापदण्ड) निर्धारण गर्न बनेको विधेयक, २०७५
९. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५

१०. ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयक, २०७५

११. नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

१२. निवृत्तभरण कोष विधेयक, २०७५

१३. केही नेपाल ऐन संशोधन विधेयक, २०७५

१४. लेखापरीक्षण विधेयक, २०७५

१५. संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५

१६. राहदानी विधेयक, २०७५

१७. सार्वजनिक सुरक्षा विधेयक, २०७५

१८. जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५

१९. भू-उपयोग विधेयक, २०७५

त्यसैगरी संघीय संसदको जारी चौथो अधिवेशनमा तेस्रो अधिवेशनको अन्त्यमा समितिमा पठाइएका खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समितिमा विचाराधीन रहेको छ । यस अधिवेशनमा विभिन्न नयाँ विधेयकहरु सभाको कार्यप्रक्रियामा रहेका छन् । यस समितिबाट पेश भएका विधेयकहरुको प्रतिवेदन अनुसूची-३ मा रहेको छ ।

## २.५ विधायन समितिमा प्राप्त विधेयकहरु माथिको दफावार छलफलबाट भएका संशोधनहरुको अवस्था

| राष्ट्रिय सभामा उत्पन्न विधेयक उपर सरकार, सरोकारवाला तथा विज्ञ समेतको सहभागितामा छलफल भइ तयार पारिएको प्रतिवेदनको कार्य अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | विधेयकको नाम | वैठक संख्या | दफावार छलफल पछिको विधेयकको अवस्था | | | | कैफियत |
| | | | सट्टामा व्यवस्था गरिएको दफा संख्या | संशोधित दफा संख्या | थप गरिएका दफा संख्या | झिकिएका दफाहरुको संख्या | |
| १ | सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।०९) | १ | | २ | | | |
| २ | वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।१८) | ४ | २ | | २ | | |
| ३ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२१) | ४ | | १ | १ | | |
| ४ | अपराध पीडितको संरक्षण सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२५) | १ | २ | ५ | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | बालबालिका सम्बन्धी विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२९) | ३ | ५ | १४ | ६ | २ | |
| ६ | मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०६।०३) | ४ | २ | ३ | | | |
| ७ | प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०६।१०) | ५ | १ | ३ | | | |
| ८ | प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी (आधार र मापदण्ड) निर्धारण गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०८) | ८ | ७ | २ | १ | | |
| ९ | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०९) | २ | | १ | ३ | २ | |
| १० | नागरिक लगानी कोष (दोश्रो संशोधन) ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।२८) | २ | | | १ | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | विज्ञापन (नियमन गर्ने) सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।१२।०७) | ३ | | ४ | १० | १ | |
| | जम्मा | ४३ | १९ | ३५ | २५ | ८ | ० |
| | | | | | | | |

| प्रतिनिधि सभामा उत्पन्न विधेयकहरु उपर प्रतिनिधि सभाका विषयगत समितिको प्रतिवेदन सहित विधेयक माथि छलफल गरी तयार पारिएको प्रतिवदेनको कार्य अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | विधेयकको नाम | वैठक संख्या | दफावार छलफल पछिको विधेयकको अवस्था | | | | प्रतिनिधि सभाको प्रतिवेदन उपर संशोधन |
| | | | सट्टामा व्यवस्था गरिएको दफा संख्या | संशोधित दफा संख्या | थप गरिएका दफा संख्या | झिकिएका दफाहरुको संख्या | |
| १ | सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।३०) | १ | ० | ० | ० | ० | |
| २ | निवृत्तभरण कोष विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०८) | १ | | २ | | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | राहदानी विधेयक, २०७५ प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित(प्रतिवेदन मिति २०७५।११।०८) | ७ | | ३ | ४ | | १ |
| ४ | नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।१३) | ३ | | | २ | २ | |
| ५ | केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।१४) | १ | १ | २ | २ | १ | |
| ६ | लेखापरीक्षण विधेयक, २०७५ प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित(प्रतिवेदन मिति २०७५।११।२७) | २ | | ० | ० | ० | ० |
| ७ | जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित (प्रतिवेदन मिति २०७५।११।२८) | २ | | १ | २ | | २ |
| ८ | भू—उपयोग विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।१२।०७) | १ | | १ | ५ | | |
| | **जम्मा** | **१२** | **१** | **९** | **१५** | **३** | **४** |

अन्य वैठकहरु - ६८ (कार्यविधि तथा कार्ययोजना निर्माण, ऐन कार्यान्वयन मापन सम्बन्धी, कार्यशाला, गोष्ठी आयोजनाको तयारी)

## ४.१ राहदानी विधेयक सम्बन्धी विषय :

राहदानी विधेयक, २०७५ प्रतिनिधि सभामा उत्पन्न भै राष्ट्रिय सभाको बैठकद्वारा यस समितिमा दफावार छलफल गरी प्रतिवेदन पेश गर्नका लागि २०७५ पुष २० गते पठाइएकोमा समितिद्वारा थप संशोधन सहित मिति २०७५ फाल्गुण ८ गते पारित गरी प्रतिवेदन पेश भएको थियो ।

उक्त विधेयक प्रतिनिधि सभाको २०७५ वैशाख २० गते बसेको दोस्रो बैठकले प्रतिनिधि सभाले गरेको संशोधन समेटेर विधेयक पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाईएको कार्यलाई यस समितिले गम्भिररुपमा लिएको छ ।

# परिच्छेद - ३

## ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ (१) अनुसार ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी कार्य यस समितिको कार्यक्षेत्र अन्तर्गत रहेको सन्दर्भमा सो बमोजिम ऐन कार्यान्वयन मापन (मूल्याङ्कन, सम्परीक्षण, समीक्षा) र अध्ययन, अनुसन्धान प्रयोजनका लागि समितिको मिति २०७५/०८/२१ गते बसेको बैठकले "मन्त्रालय/आयोग वा अन्तर्गत गठित निकायसँग सम्बन्धित ऐनहरुका सम्बन्धमा पूर्व उल्लेखित बमोजिमको विवरण माग गर्ने" निर्णय गरेको हुँदा मन्त्रालय/आयोगसँग सम्बन्धित उल्लिखित विवरणहरु १५ (पन्ध्र) दिनभित्र समितिलाई उपलब्ध गराउन अनुरोध गरिएकोमा निम्न मन्त्रालय/आयोगहरुमध्ये अधिकांशले आंशिकरुपमा मात्र विवरणहरु उपलब्ध गराएको, केहीले महाशाखा अन्तर्गतका निकायलाई माँग विवरण उपलब्ध गराउन पत्राचार गरी समितिलाई बोधार्थ पत्र मात्र पठाएको थियो । हालसम्म पनि सम्पूर्ण मन्त्रालयहरुबाट माग विवरण प्राप्त भइ नसकेको अवस्थाबाट संसदप्रति उत्तरदायी हुनु पर्ने सरकार र समितिप्रति उत्तरदायी र जवाफदेही हुनु पर्ने विषयगत मन्त्रालयहरु जति गम्भीर र जवाफदेही हुनु पर्ने हो सो हुन नसकेको देखिन्छ ।

### ३.१. विवरण पठाएका मन्त्रालय/आयोगहरु :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२. रक्षा मन्त्रालय

३. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

५. परराष्ट्र मन्त्रालय

६. संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय

७. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

८. कृषि तथा पशुपन्छि विकास मन्त्रालय

९. बन तथा वातावरण मन्त्रालय

१०. महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय

११. गृह मन्त्रालय

१२. भौतिक पूर्वाधार मन्त्रालय

१३. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

१४. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१५. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

१६. युवा तथा खेलकुद मन्त्रालय

१७. महालेखा परीक्षकको कार्यालय

१८. महान्यायाधिवक्ताको कार्यालय

१९. राष्ट्रिय महिला आयोग

२०. मुस्लिम आयोग

२१. आदिवासी जनजाति आयोग

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग

२३. मधेशी आयोग

**३.२ मन्त्रालय/आयोगबाट प्राप्त विवरणहरु :**

**३.२. १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** यस मन्त्रालय र अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐनहरु २२ वटा, नियमावली १५ वटा, कार्यविधि ६ र निर्देशिका तथा कार्ययोजना ८ को संख्यामा रहेका छन् ।

त्यसै गरी नेपाल पक्ष भएका सन्धि सम्झौता अनुरुप नयाँ बनाउनु पर्ने ऐनमा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) अनुरुप स्वार्थको द्वन्द नियन्त्रण सम्बन्धी, सूचनादाता

(सुराकी) को सुरक्षा सम्बन्धी, पिडीत, साक्षी र विशेषज्ञको संरक्षण समेतका विषयमा वृहद कानून निर्माण गर्नुपर्ने रहेको छ। संशोधन वा खारेज गर्नुपर्ने ऐनहरु १६ वटा निम्नानुसार रहेका छनः

- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- लोक सेवा आयोग ऐन, २०६६
- तथ्याङ्क ऐन, २०१५
- सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सार्वजनिक खरीद ऐन, २०६३
- नेपाल विशेष ऐन, २०४२
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी वोर्ड ऐन, २०६८
- विकास समिति ऐन, २०१३
- प्रदेश लोकसेवा आयोगको आधार र मापदण्ड निर्धारण गर्ने विधेयक
- अन्तर सरकार समन्वय सम्बन्धी विधेयक
- महान्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाको शर्त सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- महाभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धी विधेयक।

**३.२.२. बन तथा वातावरण मन्त्रालयः** यस मन्त्रालय तथा अन्तर्गतका निकायसँग सम्बन्धित कानूनहरुमध्ये ऐनहरु ६ वटा, नियम नियमावली १९ वटा, कार्यविधि १२ वटा, निर्देशिका १६ वटा, मापदण्ड ४ वटा, नीति ५ वटा, गठन आदेश तथा अन्य ऐन अन्तर्गत गठित निकायहरु ४ वटा रहेका छन्।

जैविक विविधता महासन्धि र सो अन्तर्गतको नायोगा अभिसन्धिको प्रावधान बमोजिम आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँड सम्बन्धी ऐन बनाउनु पर्ने रहेको छ ।

नेपालको संविधान बमोजिम संशोधन वा नयाँ बनाउनु पर्ने ऐनहरु तथा निर्देशिका निम्नानुसार रहेको छन्:

- वातावरण संरक्षण विधेयक, २०७५
- नेपाल बन विधेयक, २०७५
- भू तथा जलाधार संरक्षण ऐन, २०३९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका

**३.२. ३. कानून न्याय तथा संसदीय मामिला मन्त्रालयः** यस मन्त्रालयसँग सम्बन्धित ऐनहरु २५ वटा, नियमावलीहरु १९ वटा, अन्तर्गतका निकायसँग सम्बन्धित आदेश विनियमावलीहरु ५ वटा रहेका छन् । मन्त्रालयको नाममा जारी भएका आदेशहरुमध्ये कार्यान्वयनको चरणमा रहेका आदेशहरु ११ वटा रहेका छन् ।

- निजामती सेवा ऐन, २०४९ को दफा ६९ ले प्रशासकीय अदालतको निर्णय अन्तिम हुने गरी व्यवस्था गरेको परिप्रेक्ष्यमा ऐनले सृजना नै नगरेको क्षेत्राधिकार प्रशासकीय अदालत नियमावली, २०५१ बाट सृजना हुने गरी भएको प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५ मा आवश्यक संशोधन गर्ने ।
- मध्यस्थको निर्णय (Award) उपरको सुनुवाईको तह कम र छिटो सुनुवाई हुने व्यवस्था गर्न वर्तमान व्यवस्थाको सुधारको लागि आवश्यक कदम चाल्नु ।
- गोपनियता सम्बन्धी कानून निर्माण गर्ने ।
- फौजदारी मुद्धामा पिडीत पक्षको संरक्षण गर्न आवश्यक र उपयुक्त व्यवस्था गर्नु ।
- सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ४ (३) मा भएको सजाय सम्बन्धी असमान कानून यथावत रही रहनु उचित नहुने भएको र यस अदालतले यस्ता कानून संशोधन गर्न भनी पटक पटक निर्देशनात्मक आदेश जारी गरिसकेको र निवेदकको माग समानताको सिद्धान्तमा

आधारित कानूनी व्यवस्था गर्न गराउनको लागि जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने रहेकोले समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्नु गराउनु ।

- साक्षी संरक्षण सम्बन्धी विषयमा कानून निर्माण गर्नु ।
- बालबालीकालाई कुनै प्रकारले शारीरिक वा मानसिक यातना दिने, दुर्व्यवहार गर्ने लगायतका कुरालाई रोक्न र उपचार दिन कानूनी लगायतको व्यवस्था गर्नु त्यस्तो कानूनी व्यवस्थाको उल्लंघन गर्ने शिक्षक वा अन्य सम्बन्धित सवै उपर अनुशासनात्मक लगायतका कारवाहीको प्रावधान समावेश गर्नु र कानून कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र समेत निर्माण गर्नु ।
- फरक लैंगिक पहिचान र यौन रुझान भएका व्यक्तिहरुले समेत अरु सरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानूनी व्यवस्था गर्ने र समलिङ्गी विवाहको सम्बन्धमा अध्ययन गर्न समिति गठन गर्ने सम्बन्धमा ।
- सरकारको जिम्मेवार निकायबाट मानवीय कानूनका उल्लंघन गरी निर्दोष नागरिकहरुको हत्याको सम्बन्धमा पीडित शास्त्रीय दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहिनताको अन्त्य गर्नुका साथै यस प्रकृतिका विवादहरुमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि आवश्यक सललाह सुझाव समेत गर्नको लागि छुट्टै विस्तृत कानून बनाउनेतर्फ यथाशीघ्र पहल गर्नु ।
- कम्पनी रजिष्ट्रारको कार्यालयलाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मातहतमा राख्ने बारेमा आवश्यक व्यवस्था मिलाई गर्नु ।

**३.२.४. रक्षा मन्त्रालयः** यस मन्त्रालयसँग सम्बन्धित ऐनहरु २ वटा, नियमावली २१ वटा, निर्देशिकाहरु ६ वटा र कार्यविधिहरु ३ वटा साथै गठन आदेश अन्तर्गत गठित निकाय १ रहेका छन् । सन् १९४९ को जेनेभा महासन्धि कार्यान्वयन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानवीय कानून बन्ने क्रममा रहेका छ । सैनिक ऐनमा रहेका सैनिक न्यायसँग सम्बन्धित मौजुदा व्यवस्थाहरुको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रबन्ध गर्नु गराउनु भनी नेपाल सरकार, प्र.म.तथा म.प.कार्यालय, रक्षा मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ। फौजदारी अपराध (संहिता) ऐन, २०७४ मा “सर्वस्व सहितको सजाय गने” व्यवस्था हटाए तापनि सैनिक ऐन, २०६३ को निम्न लिखित दफामा उल्लिखित व्यवस्थाहरु अझै विद्यमान रहेकोले हटाउनु पर्ने देखिएको छ ।

- दफा १०१ को उपदफा (२) (ठ) (१) मा रहेको “सर्वस्व सहित” भन्ने व्यवस्था ।
- दफा १०१ को उपदफा (२) (ठ) (३) मा रहेको “सर्वस्व सहित” भन्ने व्यवस्था ।

**३.२.५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः** यस मन्त्रालयसँग सम्बन्धित ऐनहरु १३ वटा, नियमावली ८ वटा, विनियमावली, कार्यविधि, निर्देशिकाहरु १०३ वटा साथै गठन आदेश अन्तर्गत गठित निकाय ८ रहेका छन् । संविधान अनुकुलन हुने गरी संशोधन हुनु पर्ने ऐनहरु खाद्य ऐन, २०२३, दाना पदार्थ ऐन, २०३३, वीउ वीजन ऐन, २०४५, बिरुवा संरक्षण ऐन, २०६४, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, जलचर संरक्षण ऐन, २०१७, नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८, पशु बधशाला र मासु जाँच ऐन, २०५५, नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ र राष्ट्रिय दुग्ध विकास वोर्ड ऐन, २०४८ रहेका छन् । मौजुदा ऐनमा रहेको दण्ड, जरिवाना वा सजाय र कसूर वा अपराधको मात्राबीच तादात्म्यता नदेखिएको ऐनहरुमा दाना पदार्थ ऐन, २०३३, बीउ विजन ऐन, २०४५, बिरुवा संरक्षण ऐन, २०६४, जलचर संरक्षण ऐन, २०१७ र पशु बधशाला र मासु जाँच ऐन, २०५५ रहेका छन् । यी ऐनहरुलाई समय अनुकूल बनाउनु उपयुक्त हुने ।

**३.२.६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः:** यस मन्त्रालयसँग सम्बन्धीत ऐनहरु ६ वटा, नियमावली ७ वटा, निर्देशिका ९ वटा, कार्यविधि मापदण्ड तथा मार्ग दर्शन ६ वटा रहेका छन् । संविधान अनुकुलनका लागि निम्न ऐनहरु संशोधन गर्नु पर्ने भएकोले बालश्रम (नियमित तथा निषेध गर्ने) ऐन, २०५६, वैदेशिक रोजगार ऐन, २०६४, श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ संशोधनका लागि पेश भएका छन् ।

**३.२.७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगः** यस आयोगसँग सम्बन्धित ऐनहरु ६ वटा, नियमावली ४ वटा रहेका छन् । नेपालको संविधानमा अनुचित कार्य उपरको छानविनलाई आयोगको काम, कर्तव्य र अधिकारभित्र समावेश नगरिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा रहेको अनुचित कार्यसम्बन्धी प्रावधान कार्यान्वयन हुन नसकेको । भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रावधान बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा संशोधन आवश्यक भएकोले मस्यौदा पेश भएको छ । महासन्धिको भावना अनुरुप निम्न नयाँ कानूनको तर्जुमा आवश्यक छ ।

- साक्षी र विशेषज्ञहरुको सुरक्षा सम्बन्धी,
- सूचनादाताको सुरक्षा सम्बन्धी, तथा

- स्वार्थको द्वन्द नियन्त्रण सम्बन्धी

त्यसैगरी निजी र गैरसरकारी क्षेत्रको भ्रष्टाचार सम्बन्धी कानूनको आवश्यकता समेत रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ अन्तर्गत भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्थामा दण्ड जरीवाना वा सजाय र कसूर वा अपराधाको मात्राबीच तादात्म्यता नदेखिएको हुँदा तादात्म्यता हुने गरी संशोधनको प्रस्ताव पेश भएको छ ।

**३.२.८. महान्यायाधिवक्ताको कार्यालयः** यस कार्यालयसँग सम्बन्धीत ऐनहरु ६ वटा, नियमावलीहरु २ वटा रहेका छन् । दण्ड जरिवाना वा सजार र कसूर वा अपराधको मात्राबीच तादात्म्यता सम्बन्धमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ ले गरेको सजायको व्यवस्थामा सजाय र कसूरको मात्राबीच तादात्म्यता मिलेको छैन् । उक्त दफाले गरेको सजायको व्यवस्थामा कसूरको मात्रा बृद्धि हुँदै जाँदा तल्लो कसूरको मात्रामा हुने न्यूनतम सजायदेखि अधिकतम सजायको व्यवस्था गर्नु पर्ने देखिन्छ । यो व्यवस्था दफा १४ को सपदफा (१) को खण्ड (ग), (घ), (छ) तथा अन्य सान्दर्भिक व्यवस्थामा तादात्म्यता मिलाउनु पर्ने देखिन्छ । प्रचलित कानूनी व्यवस्थामा देखिएका दोहोरोपनाको सम्बन्धमा निम्नानुसार रहेको छः

- स्ट्याण्डर्ड नाप र तौल ऐन, २०२५ स्ट्याण्डर्ड नाम र तौल वाहेक अरु नाम र तौल प्रचलनमा ल्याउन, खास कुरामा केवल नाम मात्र वा तौल मात्र प्रयोग गर्न निर्देश दिन, टाँचा नलागेको व्यापारिक नाप र तौलको विक्री वितरण वा प्रयोग गर्न समेतका लागि निषेध गर्री सो को सजायको व्यवस्था गरेकोमा मुलुकी अपराध (संहिता) ऐन, २०४७ को परिच्छेद २४ मा नापतौल सम्बन्धी कसूरको परिभाषा गरी सजाय समेतको व्यवस्था गरेको देखिन्छ ।
- हुलाका ऐन, २०१९ को दफा ४८ ले हुलाक वस्तुमा लगाइएको सरकारी चिन्हमा जालसाजी गरेमा, हुलाक अड्डाका लिखतहरु जालसाजी गरी बनाएमा, हेरफेर गरेमा दबाएमा वा नष्ट गरेमा कसूर मानी सजायको व्यवस्था गरेको छ भन्ने मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २६७ ले खोटा टिकट बनाउन वा चलन गर्न नहुने भनी अपराध मानी सजायको व्यवस्था गरेको देखिन्छ ।
- विष्फोटक पदार्थ ऐन, २०१९ विष्फोटक पदार्थको उत्पादन गर्ने, राख्ने प्रयोग गर्ने, विक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने कामलाई निषेध र नियन्त्रण गर्ने उद्देश्य रहेकोमा मुलुकी अपराध (

संहिता) ऐन, २०७४ को दफा १३८, १३९, १४०, १४३ ले समेत विष्फोटक पदार्थको उत्पादन, कारोवार, ओसार पसारको कार्यलाई निषेध र नियन्त्रण गर्न खोजेको देखिन्छ ।

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९७ ले विभिन्न निर्देशिका बनाई लागू गर्न सक्ने अधिकार प्रत्यायोजन गरेको छ । सो अनुसार उक्त दफाको खण्च (च) बमोजिमको मुद्दा फिर्ता लिने सम्बन्धमा महान्यायाधिवक्ताको परामर्श लिई नेपाल सरकारले मापदण्ड सहितको निर्देशिका बनाउने र सोही दफाको खण्ड (छ) बमोजिमको माफीका सम्बन्धमा महान्यायाधिवक्तासँग परामर्श लिई नेपाल सरकारले निर्देशिका बनाउनु पर्ने देखिएको छ ।

## ३.३ प्राप्त विवरणको अध्ययनबाट पाईएका तथ्यहरुः

१. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित प्रचलित ऐनहरु ३३९ (मिति २०७५।६।२३) रहेको तथा केही ऐनहरु धेरै पुरानो (नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०) रहेको समेत देखिन्छ । ऐनहरुको निर्माणलाई राजनीतिक कालखण्डको आधारमा हेर्दा २०४६ सालसम्म निर्माण भएका ऐनहरु १२३ वटा, २०४६ देखि २०६३ सम्मका १०९ वटा र सोपछि निर्माण भएका १०७ वटा ऐनहरु रहेका छन् ।

२. मन्त्रालय/आयोग तथा अन्तर्गतका निकायसँग सम्बन्धित मौजुदा ऐन अन्तर्गतका वा अन्य व्यवस्था अनुरुप निर्माण भएका नियमावली, विनियमावली, कार्यविधि र निर्देशिकाहरुको संख्या सबै निकायबाट विवरण प्राप्त नभएकोले एकीन गर्न नसकिएको तथा एक ऐनका आधारमा धेरै संख्यामा कार्यविधि र निर्देशिकाहरु बनेको देखिन्छ । केही निकायहरुसँग आफ्नो र अन्तर्गतमा लागू रहेका कार्यविधि, निर्देशिकाहरुको के कती कुन कुन हो भन्ने सम्बन्धमा समेत तथ्याङ्क नरहेको देखिन्छ ।

३. केही मन्त्रालय/आयोग अन्तर्गत विकास समिति ऐन, २०१३ बमोजिम गठन आदेश अनुसार गठित विभिन्न निकायहरु निम्नानुसार रहेका छन् ।

    १. राष्ट्रिय योजना आयोग- राष्ट्रिय योजना आयोग (गठन) आदेश कार्य संचालन आदेश, २०६७

    २. नीति अनुसन्धान प्रतिष्ठान- नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५

३. निजामती अस्पताल- निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४
४. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति-  राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१
५. बन पैदावार विकास समिति- बन पैदावार विकास समिति (गठन) आदेश, २०३३
६. रेडियो नेपाल- रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१
७. सुरक्षण मुद्रण विकास समिति- सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३
८. राष्ट्रिय सूचना प्रविधि केन्द्र- राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८
९. विमान चार्टर उडान विकास समिति- नेपाली सैनिक विमान चार्टर उडान विकास समिति (गठन) आदेश, २०७३
१०. नेपाल व्यवसाय मञ्च- नेपाल व्यवसाय मञ्च (गठन) आदेश, २०६७
११. व्यापार तथा निर्यात प्रबर्द्धन केन्द- व्यापार तथा निर्यात प्रबर्द्धन केन्द्र (गठन) आदेश, २०६३
१२. इण्टर मोडल यातायात विकास समिति- इण्टर मोडल यातायात विकास समिति (गठन) आदेश, २०५४
१३. नेपाल राष्ट्रिय पुस्तक विकास समिति- नेपाल राष्ट्रिय पुस्तक विकास समिति (गठन) आदेश, २०७१
१४. स्वप्न वगैंचा विकास समिति- स्वप्न वगैंचा विकास समिति (गठन) आदेश, २०५६
१५. डिल्लिरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति- डिल्लिरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति (गठन) आदेश, २०६०
१६. मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति- मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७१
१७. विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति- विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति (गठन) आदेश, २०६२

१८.राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति- राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२

१९.वि.पि.कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्राहलय विकास समिति- वि.पि.कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्राहलय विकास समिति (गठन) आदेश, २०४९

४. ऐन अन्तर्गतका केही प्रावधान उदाहरणको रुपमा “नेपालको संविधानमा अनुचित कार्य उपरको छानविनलाई आयोगको काम, कर्तव्य र अधिकारभित्र समावेश नगरिएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा रहेका अनुचित कार्य सम्बन्धी प्रावधान” कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ ।

५. नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौताको प्रावधान बमोजिम नयाँ निर्माण गर्नु पर्ने विषयका सम्बन्धमा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) अनुरुप स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी, सूचनादाता (सुराकी) को सुरक्षा सम्बन्धी, पीडित, साक्षी र विशेषज्ञको संरक्षण सम्बन्धी कानूनहरु रहेको छ । त्यसैगरी जैविक विविधता महासन्धि र सो अन्तर्गतको नायोगा अभिसन्धिको प्रावधान बमोजिम आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँड सम्बन्धी ऐन बनाउनु पर्ने रहेको देखिन्छ । त्यस्तै सन् १९४९ को जेनेभा महासन्धि कार्यान्वयन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानवीय कानून निर्माण आवश्यक रहेको छ ।

६. संवैधानिक प्रावधान एवं नेपालको संविधानले अंगिकार गरेको सिद्धान्त (जस्तै लैङ्गिक समानता वा समावेशीकरण) लाई कार्यान्वयन गर्नका लागि संशोधन वा परिमार्जन गर्नु पर्ने मौजुदा ऐनहरु धेरै रहेको र यस्ता ऐनहरु संशोधन तथा परिमार्जन भैसकेको र हुने क्रममा रहेको देखिन्छ ।

७. सर्वोच्च अदालतबाट कानून न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित ऐनमा रहेका प्रावधानलाई संशोधन, निलम्वन वा खारेजी गर्ने गरी आदेश भएको विषय ११ वटा रहेको छ । त्यसैगरी रक्षा मन्त्रालय अन्तर्गत सैनिक ऐनमा रहेको “सैनिक न्यायसँग सम्बन्धित मौजुदा व्यवस्थाहरुको पुनरावलोकन गरी आवश्यक सुधारको जो चाहिने प्रबन्ध गर्नु गराउनु” भनी आदेश भएको देखिन्छ भने प्र.म. तथा म.प. कार्यालयले अदालतको आदेश/फैसला कार्यान्वयन अनुगमन समितिको व्यवस्था गरी यसले कार्यान्वयन अवस्थाको अनुगमन गर्ने व्यवस्था गरेको छ ।

८. भ्रष्टाचार निवारण ऐन, २०५९, राहदानी ऐन र लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा रहेको अपराध वा कसूर र दण्ड जरीवाना वा सजायको मात्राबीच तादात्म्यता हुनु आवश्यक देखिन्छ ।

९. स्ट्याण्डर्ड नाप र तौल ऐन, २०२५ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ का बीच, हुलाक ऐन, २०१९ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा बिष्फोटक पदार्थ ऐन, २०१९ र मुलुकी अपराध (संहिता) ऐन, २०७४ का केही प्रावधानबीच दोहोरोपना पाइएको छ ।

१०. मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा र माफीका सम्बन्धमा नेपाल सरकारले मापदण्ड सहितको निर्देशिका बनाउन आवश्यक देखिएको छ ।

११. विभिन्न कारणले ऐन कार्यान्वयनमा आउन नसकेका केही ऐनहरु समेत रहेको अवस्था छ । यस्ता ऐनहरुको आवश्यकता औचित्यता हेरी जे गर्नु पर्ने हो चाँडै गर्नु उपयुक्त हुन्छ । उदाहरणार्थ त्यस्ता केही ऐनहरु निम्नानुसार रहेको देखिन्छ ।

- न्यायिक कोष ऐन, २०४३ मिति २०४३।०७।२४ मा लालमोहर र प्रकाशन गरिएको भएतापनि ऐनमा “यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ“ भन्ने उल्लेख भएकोमा हालसम्म पनि राजपत्रमा सूचना प्रकाशन नहुँदा कार्यान्वयनमा आउन नसकेको ।
- नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ यो ऐन मिति २०२१।०६।१७ मा लालमोहर र प्रकाशन गरिएको भएतापनि ऐनको दफा १ को उपदफा ३ मा “यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अरु दफा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मिति देखि प्रारम्भ हुनेछ“ भन्ने उल्लेख भएकोमा हालसम्म राजपत्रमा सूचना प्रकाशन नहुँदा कार्यान्वयनमा आउन नसकेको ।
- लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ मिति २०३९।०८।०६ मा लालमोहर र प्रकाशन गरिएको भएतापनि “यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ“ भन्ने उल्लेख भएकोमा हालसम्म राजपत्रमा सूचना प्रकाशन नहुँदा कार्यान्वयनमा आउन नसकेको ।

## ३.४ सुझावहरु:

१. धेरै कानूनको स्थानमा एकै प्रकृतिका कानूनहरुको एकीकरण, संहिताकरण गरी सकेसम्म थोरै कानून बनाउने नीति अवलम्बन गरिए कार्यान्वयनमा सरलता एवं प्रभावकारीता आउने देखिन्छ ।

२. कानूनको मान्य सिद्धान्तले "कानूनको अनभिज्ञता क्षम्य हुँदैन" भनिन्छ । यसको गुढार्थ कानूनको जानकारी आम जनता समक्ष राज्यले समयमै पुर्याउनु हो । तर कानूनहरु आम जनतामाझ पुऱ्याउनका लागि प्रभावकारी व्यवस्थाको कमी रहेको देखिन्छ । ऐनहरु राजपत्रमा प्रकाशन हुने भए पनि अन्य कानूनहरु प्रकाशन नहुने भएकाले आम जनतामा कानूनको उचित प्रचार प्रसार गर्नुका साथै प्रचलित कानूनहरु (ऐन, नियम, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका) विषयगत निकायका आधारमा एकीकृत गरी प्रकाशन गर्ने तथा जनताले सहज र सरलरुपमा प्राप्त गर्न सक्ने गरी उपलब्ध हुने व्यवस्था गर्ने तथा अनलाईनमा समेत राख्नु पर्ने देखिन्छ ।

३. विकास समिति ऐन, २०१३ वमोजिम गठन आदेशको आधारमा धेरै निकायहरु स्थापना भएको देखिन्छ । ऐनमा भएको "कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सकिने" व्यवस्थामा टेकी स्थायी प्रकृतिको संरचना पनि बर्षौं वर्षसम्म गठन आदेशकै आधारमा सञ्चालन भइरहेको देखिन्छ । अतः यस्तो प्रवृत्तिको अन्त्य गर्न ऐनमा आवश्यक संशोधन हुनु पर्ने देखिन्छ ।

४. नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौताको प्रावधान बमोजिम नयाँ निर्माण गर्नु पर्ने वा सो अनुकुल पुराना कानूनलाई संशोधन परिमार्जन गर्नु पर्ने भए प्राथमिकता दिई परिमार्जन, संशोधन वा नयाँ कानून निर्माण गरिनु आवश्यक रहेको देखिन्छ । यसका लागि सम्बन्धित निकाय संवेदनशिल हुनु आवश्यक छ ।

५. संवैधानिक प्रावधान एवं नेपालको संविधानले अंगिकार गरेको सिद्धान्त (जस्तै लैङ्गिक समानता वा समावेशीकरण) लाई कार्यान्वयन गर्नका लागि संशोधन वा परिमार्जन गर्नु पर्ने मौजुदा ऐनहरु संशोधन तथा परिमार्जन भैसकेको र हुने क्रममा रहेको देखिन्छ । आगामी दिनमा बन्ने ऐन कानूनहरुलाई संविधानको मर्म र भावना अनुरुप बनाउनका लागि कानून निर्माणको चरणमानै अझ बढी ध्यान दिनु आवश्यक छ ।

६. कानूनको शासनलाई प्रवर्द्धन गर्नका लागि पनि सर्वोच्च अदालतबाट जारी भएका आदेशहरु सरकारले यथाशिघ्र कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । सोका लागि सरकारले आवश्यक ऐन कानून प्राथमिकतामा राखी समयमै निर्माण गर्नु आवश्यक छ ।

७. प्रचलित ऐन कानूनमा रहेको दण्ड जरीवाना वा सजाय र कसूर वा अपराधको मात्राबीच तादात्म्यता नदेखिएकोलाई यथाशिघ्र अध्ययन, अनुसन्धान र विश्लेषण गरी उपयुक्त मापदण्डको आधारमा संशोधन गरिनु पर्ने र आगामी दिनमा बन्ने कानूनहरुमा सोही आधारमा उपयुक्त व्यवस्था गर्नु आवश्यक छ ।

८. केही ऐनहरुका प्रावधानहरुबीच दोहोरोपना पाइएकोले यस्ता ऐनहरुको प्रावधानलाई यथाशिघ्र एकरुपता कायम गरिनु पर्ने र आगामी दिनमा यि र यस्ता कुरामा विशेष ध्यान दिनु उपयुक्त हुन्छ ।

९. ऐन कानून सामान्यतया भूतप्रभावी हुनु हुँदैन भनिन्छ तर ऐनमा "यो ऐन तुरुन्त लागू हुनेछ" भन्ने व्यवस्था गरिन्छ । ऐन प्रमाणीकरणको समयलाई हेर्दा यो भूत प्रभावी हुन सक्ने साथै जनातामा जानकारीको लागि पनि केही समय पश्चात मात्र लागू हुने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

१०. प्रत्यायोजित अधिकार अन्तरगतका नियम बनाउने कार्य बाँकी राखी "यो ऐन तुरुन्त लागू हुनेछ" व्यवस्थाले ऐन कार्यान्वयन हुने अवस्था तर्फ ध्यान दिई ऐन संगै नियम पनि ल्याउने व्यवस्था गरिनु पर्ने वा केही समयको अन्तराल पछि मात्र लागू हुने व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ ।

११. त्यसैगरी ऐनहरुमा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ" भन्ने व्यवस्था गरिने तर नेपाल राजपत्रमा सूचना भने प्रकाशित नगरिने गरिएको देखिन्छ । यसबाट केही ऐनहरु कार्यान्वयन नभएको अवस्था देखिएको तर्फ ध्यान दिई आवश्यक सुधार गरिनु पर्ने देखिन्छ ।

१२. सजाय निर्धारण मापदण्डः विधायिकाले फौजदारी कानूनमा सबै प्रकारका कसुर गरे वापत हुने सजाय निश्चित र पूर्वानुमान कानूनमानै व्यवस्था गर्न सम्भव हुदैन । विभिन्न प्रकारका कसुरमा कसुरदारलाई हुने सजायको माथिल्लो हद वा तल्लो र माथिल्लो दुबै हद कानूनमा तोकेर

विधायिकाले न्यायिक विवेकमा निर्धारण गर्ने अधिकार न्यायाधिशलाई प्रदान गरेको हुन्छ । नेपालमा फौजदारी कसुरमा हुने सजाय हेर्दा १ देखि २५ वर्षसम्म कैद हुने फराकिलो स्वविवेकीय व्यवस्था तथा जरिवाना निर्धारण र क्षतिपूर्ति निर्धारण समेत न्यायिक स्वविवेकमा हुने व्यवस्था रहेको छ । न्यायप्रति जनतालाई विश्वास दिलाउन व्यवस्थित संरचनात्मक सजाय निर्धारण गर्न तथा न्यायिक स्वविवेकीय व्यवस्थाको लागि वैज्ञानिक आधार र मापदण्डको आवश्यकता देखिएको छ ।

# परिच्छेद - ४

## निष्कर्ष

शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका प्रमुख तीन अङ्गमध्ये संसदको प्रमुख जिम्मेवारी कानून निर्माण गर्नु भएतापनि संसदीय शासन पद्धतिमा संसदभित्रैबाट सरकारको गठन हुने र त्यस्तो सरकार संसदप्रति उत्तरदायी रहने गर्दछ । संसद जनताको सार्वभौम अधिकारको अभ्यास गर्ने थलो हुनाका साथै शासनमा जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने जनप्रतिनिधिमूलक संस्था हो । यसले देशको कार्यकारिणी शक्तिलाई जनमुखी र जनउत्तरदायी बनाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नेपालको संविधानको धारा ९७ मा संसदले विभिन्न समितिहरु गठन गर्न सक्ने संवैधानिक प्रावधान रहेको छ । त्यसैगरी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ मा विभिन्न ४ वटा विषयगत समितिको व्यवस्था गरिएको छ । सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम, कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सुझाव दिनु यस्ता समितिको प्रमुख कार्य रहेको छ ।

राष्ट्रिय सभामा रहेका विभिन्न समितिहरुमध्येको एक यस विधायन व्यवस्थापन समितिले नेपालको संविधान, प्रचलित कानून र संसदीय परम्पराभित्र रही आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ । नियमावलीले तोकिदिएको समितिको कार्यक्षेत्रभित्र विधायन व्यवस्थापन र ऐन कार्यान्वयनको मापन, अध्ययन र अनुसन्धानको विषय रहेको छ । विधेयक सम्बद्ध विभागीय मन्त्री, सचिवलगायतका सरकारी पदाधिकारी, विषय विज्ञ, नागरिक समाज, सरोकारवाला समेतलाई समितिले आफ्नो बैठकमा आमन्त्रण गरी प्राप्त विधेयकहरु माथि घनिभूतरुपमा छलफल गराई सबैको साथ र सहयोगमा समृद्ध बनाउने कार्य गर्दै आएको छ ।

नेपालको संसदीय ईतिहाँसमा ऐनको मापन, अध्ययन र अनुसन्धान कार्य समितिको कार्यक्षेत्रमा परेको विषय नितान्त नयाँ भएकोले प्राप्त अवसर र चुनौतीलाई गम्भिरता पूर्वक लिई कार्य प्रारम्भ गरेको छ । संसदको मुख्य कार्य कानून निर्माण गर्नु हो । यस्ता कानूनले के कसरी काम गरिरहेको छ भन्ने सम्बन्धमा पनि संसदले जानकारी राख्नु पर्दछ । कानूनको कार्यान्वयनको जिम्मा लिएको सरकारले कानूनको सहि ढङ्गले कार्यान्वयन गरेको छ कि छैन् ? प्रत्यायोजित अधिकारको प्रयोग ठिक ढङ्गले गरेका

छ कि छैन् ? यी कुराहरुको निगरानी गर्नु समेत संसदको जिम्मेवारी हो । कानूनको कार्यान्वयनको अवस्था तथा यसले जनतामा पारेको प्रभावको वारेमा संसदीय अध्ययन, अनुसन्धान गर्नु नै कानूनको मापन हो, जुन कार्य यस समितिबाट संस्थागतरुपमा प्रारम्भ भएको छ । यसबाट संसदको भूमिका वृद्धि हुनुका साथै यसको गरिमा बढाउनेछ । साथै भविष्यमा कानून निर्माणको लागि पृष्ठपोषण प्राप्त भै व्यवहारिक र प्रभावकारी कानूनको निर्माणमा समेत सहयोग पुग्ने निश्चित छ । यसका लागि समितिले सम्बद्ध सबै पक्ष सरोकारवाला, विषय विज्ञ, अनुसन्धानकर्ता, विश्वविद्यालय, नागरिक समाजसँगको सहकार्यलाई जोड दिएको छ । समितिले ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धानलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि छुट्टै कार्यविधि समेत बनाएको छ । माननीय सदस्यहरु सदस्य रहेको अध्ययन उपसमिति गठन गरी अध्ययन, अनुसन्धानको कार्य प्रारम्भ गरेको छ । भविष्यमा आवश्यकतानुसार विभिन्न स्थानको स्थलगत अनुगमन, निरीक्षणसमेत गरी देखिएका समस्या र सरकारको तर्फबाट भए गरेका कार्यको समीक्षा गरी जनताको चाहना र इच्छाबारे सम्बद्ध पक्षको ध्यानाकर्षण गराउने र निर्देशन दिने कार्य गरिने नै छ ।

समग्रमा समितिका केही कार्य नयाँ प्रकृतिको भएकोले प्रारम्भमा भए गरेका कार्यले सोचे अनुरुप गति नलिए तापनि सीमित स्रोत, साधन र जनशक्तिका वावजूद जे जति गरिएको छ, त्यसलाई सन्तोषजनक रुपमा लिन सकिन्छ र यसले सही गोरेटो समातेको मान्न सकिन्छ । यसले भविष्यमा समितिको कार्यलाई सहजता प्राप्त हुने देखिन्छ । यद्यपि, समितिको कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि आगामी दिनमा विद्यमान स्रोत, साधन र दक्ष जनशक्तिको न्यूनतालाई परिपूर्ति गर्नु पर्ने आवश्यकता रहेको  छ ।

# अनुसूचीहरु

## अनुसूची-१

## समितिको बैठक सञ्चालन कार्यविधि, २०७५

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी विधायन व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिम्मेवारी सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि बनाउन वाञ्छनीय भएकोले,-

विधायन व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "विधायन व्यवस्थापन समितिको कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपसमिति" वा "कार्यदल" भन्नाले समितिद्वारा गठित उपसमिति वा कार्यदल सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नेपालको संविधानको धारा १०४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाले बनाएको राष्ट्रिय सभा नियमावली, २०७५ सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले विधायन व्यवस्थापन समितिको सचिवलाई जनाउँदछ ।

(घ) "सदस्य" भन्नाले संघीय संसद तथा विधायन व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले राष्ट्रिय सभा सम्झनु पर्दछ ।

(च) "सभापति" भन्नाले विधायन व्यवस्थापन समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने अन्य सदस्यलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले विधायन व्यवस्थापन समिति सम्झनु पर्छ ।

३. समितिको कार्यक्षेत्र : यस समितिको कार्यक्षेत्र अन्तर्गत सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी विषय रहेको छ ।

४. <u>बैठकको कार्यसूची र जानकारी</u> : समितिको आगामी बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकमा नै तय गरिनेछ । यसरी तय हुन नसकेमा सचिवले सभापतिको निर्देशन अनुसार कार्यसूची तय गरी सदस्यहरुलाई जानकारी गराउनेछ । सचिवले समिति, उपसमिति वा कार्यदलको बैठकको कार्यसूची सहितको जानकारी सदस्यहरुलाई सामान्यतया बैठक बस्नुभन्दा कम्तीमा एक दिन अगाडि नै पत्र वा विद्युतीय माध्यमबाट गराइनेछ ।

५. <u>उपस्थिति</u> : बैठकमा उपस्थित सदस्यहरुले वर्णानुक्रमानुसार उपस्थिति तथा निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नु पर्नेछ ।

६. <u>गणपूरक संख्या</u> : गणपूरक संख्या समितिका सम्पूर्ण सदस्य संख्याको एक तिहाइ हुनेछ । निर्धारित समयको ३० मिनेटसम्म पनि गणपूरक संख्यामा सदस्यहरुको उपस्थिति हुन नसकेमा सभापतिले बैठक स्थगन गरी अर्को बैठकको मिति तोक्न सक्नेछ ।

७. <u>बैठकमा प्रवेश</u> : सामान्यतया बैठकमा सञ्चारकर्मीहरुलाई प्रवेश दिइनेछ ।

८. <u>छलफलमा विशेष ध्यान दिनु पर्ने कुराहरु</u> :

(क) बैठकमा छलफलका लागि पूर्वनिर्धारित विषय वा कुनै सदस्यबाट प्रस्तुत वा समितिलाई कुनै स्रोतबाट प्राप्त समितिको कार्यक्षेत्रसँग सम्बन्धित कुराहरुमा छलफल हुन सक्नेछ ।

(ख) समितिमा सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाई नाम टिपाउनु पर्नेछ । साथै बोल्न चाहने सदस्यहरुले क्रमशः सभापतिको अनुमति अनुसार एकपटकमा एकजनाले मात्र बोल्नु पर्नेछ । कुनै एक सदस्य बोलिरहेको समयमा बीचैमा अर्को सदस्यले बोल्न वा एक-आपसमा कुरा गर्नु हुँदैन ।

(ग) समितिको बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरी बोल्नु पर्नेछ । बैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लाग्ने गरी वा अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन ।

(घ) बैठक अवधिभर मोबाइल फोनलाई स्वीच अफ वा साइलेण्ट वा भाइब्रेट मोडमा राख्नु पर्नेछ र आवश्यक परेमा सभापतिको अनुमति लिएर सभाकक्ष बाहिर गएर कुरा गर्नु पर्नेछ ।

९. छलफलमा सहभागी नहुने : सदस्यले समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा स्वेच्छाले सो कुराको स्पष्ट रुपमा बुझिने गरी समितिलाई जानकारी गराई सो विषयमा हुने छलफलबाट आफू अलग हुनु पर्दछ ।

१०. निर्णय प्रक्रिया : बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गरिनेछ । कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा नियमावलीको नियम १५७ को उपनियम (१) बमोजिम बैठकमा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ ।

११. बैठकको प्रारम्भ र अन्त्य : सभापतिले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।

१२. बैठकको सञ्चालन र समयावधि : बैठकको कार्यसूचीमा परेका विषयवस्तुको गाम्भीर्यता, प्रकृति र महत्वका आधारमा समितिको बैठकले समय खर्चनेछ । आवश्यकतानुसार सदस्यहरुले बोल्ने समय निर्धारण गरी छलफल प्रारम्भ गरिनेछ । छलफलमा भाग लिने सदस्यहरुले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्रै आफ्नो विचार राख्नु पर्नेछ । सामान्यतया समितिको बैठक एकपटकमा अधिकतम तीन घण्टाभन्दा बढी निरन्तर बस्ने छैन ।

१३. पुरा समय बैठकमा भाग लिने : विशेष कारण परेको अवस्थामा सभापतिको अनुमति लिएर बाहेक बैठक प्रारम्भ भएदेखि अन्त्य नभएसम्म सदस्यहरुले समितिको बैठक छोडेर जानु हुँदैन ।

१४. पूर्वसूचना दिनु पर्ने : बैठक बोलाइएको समयमा उपस्थित हुन नसक्ने अवस्था भएमा सदस्यले सभापति वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ ।

१५. सहयोग पुऱ्याउनु पर्ने : समितिको बैठक सञ्चालन र सुव्यवस्था कायम गर्न सबै सदस्यहरुले सहयोग गर्नु पर्नेछ ।

१६. कागजात उपलब्ध गराउने : समितिको निर्णय, छलफलको विषयसँग सम्बन्धित कागजात, सूचना वा जानकारी समितिका सदस्यहरुलाई सचिवालयले उपलब्ध गराउनेछ ।

१७. सम्बन्धित मन्त्रालय वा निकायको कर्तव्य : समितिको छलफलको विषयसँग सम्बन्धित आवश्यक कागजात तथा विवरणहरु समितिले माग गरेका बखत उपलब्ध गराउनु सम्बन्धित मन्त्रालय वा निकायको कर्तव्य हुनेछ । यसरी प्राप्त कागजात तथा विवरणहरु अपूर्ण छन् भन्ने समितिलाई लागेमा थप स्पष्टता वा पूर्णताका लागि लेखी पठाउन सक्नेछ र यस्तो अवस्थामा समितिले माग गरे बमोजिमको थप कागजात तथा विवरण अविलम्ब त्यस्ता निकायले समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

१८. अध्ययन, अनुगमन मूल्याङ्कन तथा अन्तर्क्रिया गर्न सक्ने : समितिले आवश्यकतानुसार आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अवलोकन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ । विषयसँग सरोकार राख्ने पक्षहरु र विशेषज्ञहरुसँग छलफल, सोधपुछ तथा अन्तर्क्रिया गर्न सक्नेछ ।

१९. उपसमिति वा कार्यदल गठन गर्न सक्ने : समितिले आफ्नो कार्यसम्पादनका क्रममा आवश्यकतानुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ । त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दा समितिले उपसमिति वा कार्यदलले सम्पादन गर्नु पर्ने काम र समयावधि समेत निर्धारण गर्नेछ । यसरी गठन गरिएको उपसमिति वा कार्यदलको संयोजक समितिले तोक्नेछ । समितिले संयोजक नतोकेको अवस्थामा सो उपसमिति वा कार्यदलमा रहने सदस्यहरुको आपसी सम्मतिबाट संयोजक चयन गरिनेछ ।

विषयको गाम्भीर्यतालाई विचार गरी समितिले सभापतिको संयोजकत्वमा समेत कार्यदल गठन गर्न सक्नेछ ।

२०. प्रतिवेदन प्रस्तुत गर्ने : समितिले तोकेको समयावधिभित्रै उपसमिति वा कार्यदलले आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

तर विशेष कारणवश समयभित्र कार्य सम्पन्न हुन नसकेको कारण सहित उपसमिति वा कार्यदलले कार्यावधि बढाउन माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ । तोकिएको समयमा प्रतिवेदन पेश नभएमा समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

२१. प्रतिवेदन उपरको छलफल : उपसमिति वा कार्यदलबाट प्रस्तुत प्रतिवेदनउपर समितिको बैठकमा छलफल गरी आवश्यक निर्णय लिइनेछ ।

२२. <u>सूचना प्रवाह</u> : बैठकको काम-कारबाही, निर्णय तथा अन्य कागजात सम्बन्धी आधिकारिक जानकारी सभापतिको अनुमति लिई सचिवले सार्वजनिक गर्न सक्नेछ ।

२३. <u>समितिको अभिलेख</u> : समितिमा भएको छलफल, निर्णय, मत र काम-कारबाहीसँग सम्बन्धित विषयको अभिलेख सभापतिको निर्देशन अनुसार सचिवले व्यवस्थित गरी राख्नेछ ।

# अनुसूची-२

## ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि, २०७५

ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावनाः ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी विधायन व्यवस्थापन समितिले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान कार्यविधि, २०७५" रहेकोछ।

(२) यो कार्यविधि समितिले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन कार्यान्वयन मापन" भन्नाले संघसँग सम्बन्धित कुनै पनिऐनको प्रावधान वा दफा, उपदफा, खण्ड, उपखण्ड वा अनुसूची वा त्यस्ता ऐनमा उल्लेख भएका अन्य कुनै व्यवस्था प्रारम्भ भएपछि त्यस्ता व्यवस्था तथा प्रावधानले सम्बन्धित निकाय, सेवाग्राही वा सम्बद्धअन्य कसैलाई पारेको सकारात्मक वा नकारात्मक प्रभाव वा कार्यको सम्बन्धमा अध्ययन, अनुसन्धान, परीक्षण वा जाँच गर्ने विधिलाई सम्झनु पर्छ।

(ख) "प्रतिवेदन" भन्नाले यस कार्यविधि अन्तर्गत समितिले तयार गर्ने प्रतिवेदनलाई सम्झनु पर्छ।

(ग) "मापन" भन्नाले ऐन कार्यान्वयन मापन सम्बन्धमा समितिलेअवलम्बन गर्ने व्यवस्थापन तथा ऐनको संपरीक्षण, मूल्याङ्कनर समीक्षा समेतलाई सम्झनु पर्छ।

(घ) "सभापति"भन्नाले विधायन व्यवस्थापन समितिको सभापतिलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) बमोजिम गठन भएको विधायन व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

३. मापनको उद्देश्य : ऐन कार्यान्वयन मापनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कुनै ऐन वा ऐनहरुबीच रहेको दोहोरोपनलाई हटाउन आवश्यक कार्य गर्ने,

(ख) ऐनमा रहेका निष्प्रभावी प्रावधान वा दफाहरुको व्यवस्थालाई खारेज गर्न आवश्यक कार्य गर्ने,

(ग) ऐन निर्माणका लागि आवश्यक वातावरण तयार गर्ने,

(घ) विधेयक प्रमाणीकरण भएपछि सो ऐन तत्काल कार्यान्वयन हुने अवस्थालाई प्रोत्साहन गर्ने,

(ङ) संविधानको भावना तथा प्राकृतिक न्यायको सिद्धान्त अनुरुप हुने गरी ऐन निर्माण हुने अवस्थाको सिर्जना गर्ने ।

## परिच्छेद-२

## मापन र अध्ययन, अनुसन्धान सम्बन्धी व्यवस्था

४. मापनका आधार : (१) ऐनको प्रावधान वा ऐनकादफा, उपदफा लगायत ऐनको समग्र व्यवस्था कार्यान्वयन भए वा नभएको सम्बन्धमा समितिले आधार बनाई मापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले मापन गर्दा देहायका आधार लिन सक्नेछ :-

(क) मापन गरिने ऐनमा नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली आदि बनाउने अधिकार भए वा नभएको,

(ख) खण्ड (क) बमोजिमको अधिकार भए सो अनुरुप नियमावली, निर्देशिका, कार्यविधि, विनियमावली आदि सम्बन्धित निकाय वा अधिकारीले निर्माण गरे वा नगरेको,

(ग) ऐनको कार्यान्वयनबाट लक्षित व्यक्ति वा समूह, सम्बद्धव्यक्ति, पक्ष वा क्षेत्रले अपेक्षित सामाजिक, आर्थिक, राजनैतिक, समावेशी लगायत अन्य उपलब्धि हासिल गर्न सके वा नसकेको,

उदाहरण :

(१) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ प्रारम्भ भएपछि सो ऐन बमोजिम सामाजिक सुरक्षा योजनामा गरेको योगदानका आधारमा दिइने सुविधा सम्बन्धित व्यक्तिले पाउन सके वा नसकेको लगायतका विषयहरु ।

(२) नागरिकता ऐन, २०६३ प्रारम्भ भएपछि आमाको नामबाट नागरिकता प्राप्त हुन सके वा नसकेको लगायतका विषयहरु ।

(घ) ऐन तुरुन्त प्रारम्भ हुने प्रावधान रहेको वा प्रमाणीकरण भएको मितिले निश्चित समयपछि प्रारम्भ हुने प्रावधान रहेको वा प्रमाणीकरण भएपछि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको दिनदेखि प्रारम्भ हुने अवस्था रहेकोमा कार्यान्वयन भए वा नभएको,

(ङ) ऐन प्रारम्भ भएपछि सर्वोच्च अदालतबाट सो ऐनको कुनै दफा, उपदफा वा कुनै प्रावधानउपर कुनै प्रकारको आदेश जारी भई सम्बन्धित ऐनको त्यस्तो प्रावधान कार्यान्वयन गर्न वा खारेज गर्नका लागि आदेश भएको अवस्था रहे वा नरहेको,

(च) नेपालको संविधानमा उल्लिखित राज्यका नीति तथा निर्देशक सिद्धान्त बमोजिम ऐन निर्माण र कार्यान्वयन भए वा नभएको,

(छ) ऐनको प्रावधान बमोजिम स्थापना हुनु पर्ने संस्थागत संरचना गठन भए वा नभएको,

(ज) ऐन कार्यान्वयनलेसमाजमा लैंगिक समानता तथा समता लगायतका यस्तै अन्य आधार कायम गरे वा नगरेको,

(झ) ऐनको उद्देश्य, प्रयोजन र मनसाय बमोजिम ऐन कार्यान्वयन भए वा नभएको,

(ञ) राज्यलाई आर्थिक, सामाजिक र सांस्कृतिक असर परे वा नपरेको,

(ट) ऐनमा उल्लिखित कुनै प्रावधानलाई संशोधन गर्न आवश्यक रहे वा नरहेको,

(ठ) ऐन कार्यान्वयनको चरणमा कुनै बाधा, विरोध भए वा नभएको,

(ड) नेपाल पक्षराष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि, सम्झौता अनुकूल ऐन भए वा नभएको,

(ढ) समितिले आवश्यक ठानेका अन्य आधारहरु ।

५. अध्ययन, अनुसन्धान गर्न सक्ने : (१) विधायन व्यवस्थापनका विभिन्न चरणका सम्बन्धमा समिति आफैंले वा संघीय संसद सचिवालयका कर्मचारी वा अन्य विषय विज्ञबाट अध्ययन, अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन, अनुसन्धान गर्दा देहायको विषयमा गर्न सकिनेछ :–

(क) विधेयकको सैद्धान्तिक पक्ष तथा त्यस्तो विधेयकको सम्बन्धमा राज्यको नीति,

(ख) कुनै पनि मौजुदा ऐनले विधेयकको भावनालाई समेट्न सके वा नसकेको,

(ग) संचित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व पर्ने वा नपर्ने विषय,

(घ) कुनै कार्यलाई कसूर घोषणा गर्ने वा भैरहेको कसूरलाई हटाउने, दण्ड, जरिवाना तोक्ने तथा तत्सम्बन्धी सारवान विषय,

(ङ) कर लगाउने वा उठाउने वा करको दर घटाउने वा खारेजी वा मुल्तवी राख्ने विषय,

(च) अदालत, न्यायिक र अर्धन्यायिक निकायको गठन तथा अधिकार क्षेत्रसँग सम्बन्धी विषय,

(छ) कुनै पनि प्रकारको नियमनकारी संरचना (Regulatory Framework) को व्यवस्था वा इजाजत वा अनुमति दिने सम्बन्धी विषय,

(ज) संविधानमा कानून बमोजिम गर्ने भनिएका विषयको कार्यान्वयन,

(झ) मौलिक हकमाथि कुनै तरिकाले बन्देज लगाउने सम्बन्धी विषय,

(ञ) नागरिकको दैनिक व्यवहार वा आचरणलाई नियमित वा नियन्त्रण गर्ने विषय,

(ट) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

६. मापनको समय : समितिले अन्यथा निर्देशन दिएको अवस्थामा बाहेक सामान्यतया ऐन प्रारम्भ भएको तीन वर्षको अवधि पूरा भएको ऐनको मापन गर्नु पर्नेछ ।

## परिच्छेद-३
## मापनका विधि तथा प्राथमिकता सम्बन्धी व्यवस्था

७. मापनका विधि : (१)समितिले ऐन कार्यान्वयन मापनको सम्बन्धमा देहायका विधिहरु अवलम्बन गर्न सक्नेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया,

(ख) स्थलगत अनुगमन, अवलोकन वा अन्य सम्बद्ध विधिद्वारा जाँच,

(ग) संवैधानिक आयोग, नेपाल सरकारको कुनै मन्त्रालय, निकाय वा ती सम्बद्धपदाधिकारी वा कर्मचारीसँग छलफल,

(घ) नागरिक समाज वा सम्बन्धित निकायसँग छलफल,

(ङ) विषय विज्ञ वा विज्ञको समूहसँग छलफल,

(च) विभिन्न विश्वविद्यालय वाअध्ययन, अनुसन्धान गर्ने संस्था वा निकायसँग छलफल,

(छ) समितिले आवश्यक ठानेका अन्य विधिहरु ।

८. मापनको प्राथमिकीकरण : (१)समितिलेकुनै ऐनको मापन गर्नु अघि मापन गरिनेऐनको प्राथमिकता देहायकोकुनै आधारमातोक्न सक्नेछ :-

(क) स्वतन्त्रता, नागरिकता तथा नागरिक अधिकारसँग सम्बन्धित,

(ख) सार्वजनिक वा जन सरोकारसँग सम्बन्धित,

(ग) सुशासन तथा न्याय प्रशासनसँग सम्बन्धित,

(घ) प्राकृतिक स्रोत साधनको उपयोगसँग सम्बन्धित,

(ङ) उपभोक्ता हित तथा सार्वजनिक आपूर्ति व्यवस्थासँग सम्बन्धित,

(च) खानेपानी, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित,

(छ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, समावेशी लगायत समाज कल्याणसँग सम्बन्धित,

(ज) कृषि, उद्योग, व्यवसाय, रोजगारी तथा श्रम व्यवस्थापनसँग सम्बन्धित,

(झ) पर्यटन, नागरिक उडड्नको व्यवस्थापनसँग सम्बन्धित,

(ञ) शहरी विकास, सडक तथा पूर्वाधार विकास लगायत अन्य विषयसँग सम्बन्धित,

(ट) समितिले आवश्यक ठानेका अन्य ।

## परिच्छेद-४
## मापन र अध्ययन, अनुसन्धानको समयावधि तथा सीमा सम्बन्धी व्यवस्था

९. मापनको समयावधि : (१) समितिले तोकिएकोविषय मापन गर्दा कार्य प्रारम्भ गरेको मितिले सामान्यतया तीन महिनाभित्रत्यस्तो मापनको कार्य पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिमा कार्य सम्पन्न हुन नसकेमा समितिले आवश्यक निर्णय गर्नेछ ।

१०. मापन र अध्ययन, अनुसन्धानको सीमा : (१) ऐनको मापन गर्ने सम्बन्धी कार्य गर्दा समितिले देहायका सीमाभित्र रही कार्य गर्नेछ :–

(क) संवैधानिक व्यवस्था,

(ख) कानून र न्यायका सामान्य सिद्धान्त,

(ग) लिङ्ग, वर्ण, क्षेत्र, जात, जाति तथा भाषा भाषीप्रति सम्मान तथा आदर,
(घ) निरपेक्ष तथा सन्तुलित अवधारणाका सिद्धान्त,
(ङ) आर्थिक सीमितता,
(च) समितिले तोकेको अन्य सीमा ।

## परिच्छेद-५

## विविध

११. सचिवालय सम्बन्धी व्यवस्था : समितिको सचिवालयले ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धान सम्बन्धी सचिवालयको रुपमा काम गर्नेछ ।

१२. उपसमिति वा कार्यदल गठन गर्न सक्ने :समितिले आफ्नोकामलाई प्रभावकारी तवरलेसञ्चालन गर्ने प्रयोजनका लागि समितिका सदस्यहरुमध्येबाटउपसमिति वा कार्यदल गठन गर्नसक्नेछ ।

१३. विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्नेः (१) समिति वा उपसमिति वा कार्यदलले ऐन कार्यान्वय र अध्ययन, अनुसन्धान मापनको सम्बन्धमा आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्नेछ ।

(२) विज्ञ वा विज्ञ समूहको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. प्रतिवेदन : (१) मापन र अध्ययन, अनुसन्धानका सम्बन्धमा उपसमिति वा कार्यदलले समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदन उपर समितिमा आवश्यक छलफल गरी पारित गरिनेछ ।

(३) उपदफा (२) बमोजिम पारित प्रतिवेदन राष्ट्रिय सभाको बैठक समक्ष पेश गरिनेछ ।

१५. अभिलेख राख्नु पर्ने : यस कार्यविधि बमोजिम तयार गरेको प्रतिवेदन समितिले संघीय संसद सचिवालयको पुस्तकालयमा अभिलेखको लागि पठाउनेछ ।

१६. कार्यविधिको व्याख्या : (१) यस कार्यविधिको व्याख्या गर्ने अधिकारसमितिको परामर्शमा सभापतिलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

१७. अन्य विषय : यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयका सम्बन्धमा समितिको निर्णय तथाराष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम हुनेछ ।

१८. कार्यविधि संशोधनः समितिले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१९. बाधा अड्काउ फुकाउ : यो कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमासमितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

*समितिबाट पारित मिति : २०७५/०८/१९*

## अनुसूची-३

## विधायन व्यवस्थापन समितिबाट पारित भएका विधेयक सम्बन्धी प्रतिवेदनहरु

१. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।०९)

२. वातावरण संरक्षण ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।१८)

३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२१)

४. अपराध पीडितको संरक्षण सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२५)

५. बालबालिका सम्बन्धी विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।२९)

६. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०५।३०)

७. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०६।०३)

८. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।०६।१०)

९. निवृत्तभरण कोष विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०८)

१०. प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी (आधार र मापदण्ड) निर्धारण गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०८)

११. प्रतिनिधि सभाबाट संशोधन सहित पारित राहदानी विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०८)

१२. ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।०९)

१३. नेपालको संविधान अनुकुल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ ( प्रतिवेदन मिति २०७५।११।१३)

१४. केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।१४)

१५. प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित लेखापरीक्षण विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।११।२७)

१६. प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ ( प्रतिवेदन मिति २०७५।११।२८)

१७. नागरिक लगानी कोष (दोस्रो संशोधन) ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ ( प्रतिवेदन मिति २०७५।११।२८)

१८. भू-उपयोग विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।१२।०७)

१९. विज्ञापन (नियमन गर्ने) सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ (प्रतिवेदन मिति २०७५।१२।०७)

# १. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण पहिलो ) विधेयक (संशोधन, २०७५ सम्बन्धी प्रतिवेदन

१. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को,-

(१) दफा ३ अन्तर्गत,-

(क) दफाशीर्षकपछि उल्लिखित "दफा (३)" भन्ने शब्दहरुको सट्टा "दफा ३" भन्ने शब्दहरु राख्ने ।

(ख) सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३ को उपदफा (२) पछि थप्न प्रस्तावित उपदफा (३) मा उल्लिखित "निजी जग्गामा" भन्ने शब्दहरुपछि "लोपोन्मुख वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा" भन्ने शब्दहरु थप्ने ।

२. विधेयकको दफा ६ अन्तर्गत सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा थप्न प्रस्तावित प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित "निजी जग्गामा" भन्ने शब्दहरुपछि "संरक्षित वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा" भन्ने शब्दहरु थप्ने ।

मिति : २०७५/५/०९

## २. वातावरण संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. विधेयकको दफा ५ अन्तर्गत वातावरण संरक्षण ऐन, २०५३ (यसपछि "मुल ऐन" भनिएको) को दफा ८ को उपदफा (५) को सट्टा प्रस्तावित उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने :-

"(५) उपदफा (२) र (३) बमोजिम वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले देहाय बमोजिम जरिबाना गर्न सक्नेछ :-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँसम्म,

(ख) निरीक्षण गर्न सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँसम्म ।"

२. विधेयकको दफा ६ अन्तर्गत मुल ऐनको दफा १० को सट्टा राखिएको दफा १० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) नेपाल सरकारले प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग परामर्श गरी वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।"

(२) उपदफा (६) पछि देहायका उपदफा (७) र (८) थप्ने :-

"(७) वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएका वा तोकिएका क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरीपरि बसोवास गर्ने समुदाय सम्झनु पर्छ ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ ।"

मिति : २०७५/५/१८

## ३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. विधेयकको दफा ७ लाई देहाय बमोजिम राख्ने :-

"७. मूल ऐनको दफा ३८ मा संशोधन : मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - अध्यक्ष"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) खण्ड (द) बमोजिमका सदस्यहरुमध्येबाट निर्देशन समितिले मनोनयन गरेको सदस्य - उपाध्यक्ष"

(ग) खण्ड (घ), (ज), (ञ) र (ट) को सट्टा देहायको खण्ड (घ), (ज), (ञ) र (ट) राखिएका छन् :-

"(घ) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय - सदस्य

(ज) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ञ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(ट) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य"

(घ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) अपाङ्गता भएका व्यक्तिहरुको राष्ट्रिय स्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्ये फरक-फरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँचजना महिला सहित दशजना - सदस्य"

(ङ) खण्ड (द) पछि देहायको खण्ड (द१) थपिएको छ :-

"(द१) राष्ट्रिय स्तरमा महत्वपूर्ण योगदान पुऱ्याएका अपाङ्गता भएका व्यक्तिहरुमध्येबाट दुईजना - सदस्य"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) उपदफा (२) को खण्ड (थ), (द), (द१) र (ध) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरु तथा खण्ड (क१) बमोजिम मनोनीत उपाध्यक्षको पदावधि दुई वर्षको हुनेछ ।"

२. विधेयकको दफा ७ पछि देहायको दफा ८ थपी दफाक्रम मिलाउने :-

"८. मूल ऐनको दफा ४० मा संशोधन : मूल ऐनको दफा ४० को,-

(१) उपदफा (२) मा रहेको "अध्यक्षले" भन्ने शब्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) मा रहेको "अध्यक्षले" भन्ने शब्दपछि "र निजको अनुपस्थितिमा उपाध्यक्षले" भन्ने शब्दहरु राखिएका छन् ।"

मिति : २०७५/५/२१

## ४. अपराध पीडित संरक्षण विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. अपराध पीडित संरक्षण विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को प्रस्तावना शीर्षकपछि "नेपालको संविधानद्वारा प्रदत्त" भन्ने शब्दहरु थप्ने ।

२. विधेयकको दफा २ को,–

(१) खण्ड (ख) झिकी त्यसपछिका खण्डको खण्डक्रम मिलाउने ।

(२) साविकको खण्ड (छ) अर्थात् खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) को ठाउँ-ठाउँमा रहेका "अभिभावक" भन्ने शब्दको सट्टा "संरक्षक" भन्ने शब्द राख्ने ।

(३) साविकको खण्ड (ञ) अर्थात् खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) मा रहेका "पीडितको सगोलको पति, पत्नी, सन्तान वा" भन्ने शब्दहरुको सट्टा "पीडितको सगोलको आमा, बाबु, पति, पत्नी वा" भन्ने शब्दहरु राख्ने ।

(४) साविकको खण्ड (ड) अर्थात् खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राख्ने :-

"(ठ) "संरक्षक" भन्नाले प्रचलित कानून बमोजिम कायम भएको वा नियुक्त भएको पीडितको संरक्षक सम्झनु पर्छ ।"

३. विधेयकको दफा ३ को दफा शीर्षकपछि उपदफाक्रम "(१)" थपी सो उपदफाको खण्ड (ख) मा रहेको "सिलसिलामा" भन्ने शब्दपछि "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु थपी सो उपदफाको अन्त्यमा देहायको उपदफा (२) थप्ने :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको अवस्थाबाट क्षति पुगेको वा मृत्यु भएको व्यक्तिलाई नेपाल सरकारबाट राहत प्रदान गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पर्ने छैन ।"

४. विधेयकको दफा ११ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :–

"(२) उपदफा (१) बमोजिम धारणा व्यक्त गर्नका लागि सम्बन्धित अधिकारीले पीडितलाई मनासिब समय प्रदान गर्नु पर्नेछ ।"

५. विधेयकको दफा १५ को सट्टा देहायको दफा १५ राख्ने :-

"१५. <u>सम्पत्ति फिर्ता पाउने अधिकार</u> : (१) अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएको सम्पतिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु अगावै सम्पत्ति फिर्ता गरिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्नेछ ।"

६. विधेयकको दफा २१ को खण्ड (ग) मा रहेका "वा सो उद्देश्यले अनुसन्धान अधिकारी समक्ष दिएको बयानको प्रतिकूल हुने गरी अदालतमा बयान वा वकपत्र नगर्ने" भन्ने वाक्यांशको सट्टा "कार्य नगर्ने" भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा ३० को उपदफा (४) को तेस्रो हरफमा रहेको “अवस्थामा” भन्ने शब्दपछि “वा कसूरसँग सम्बन्धित मुद्दा प्रचलित कानून बमोजिम फिर्ता भएमा” भन्ने शब्दहरु थप्ने ।

८. विधेयकको दफा ५१ को तेस्रो हरफमा रहेको “माध्यमबाट” भन्ने शब्दपछि “समेत” भन्ने शब्द थप्ने ।

मिति : २०७५/५/२५

## ५. बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सम्बन्धी समितिको प्रतिवेदन

बालबालिका सम्बन्धी विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) माथि दफावार छलफल गरी समितिले देहाय बमोजिम गर्ने गरी पारित गऱ्यो :-

१. विधेयकको दफा २ को,-

(१) खण्ड (च) मा रहेको "(डाइभर्सन)" भन्ने शब्द झिक्ने ।

(२) खण्ड (ज) मा रहेका "दाजु भाइ वा अविवाहिता दिदी बहिनी, हजुरबुबा, हजुरआमा" भन्ने शब्दहरुको सट्टा "एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (ट) मा रहेका "दफा ६६ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा ६६ को उपदफा (२) बमोजिमको" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (त) मा रहेका "दफा ६७ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "दफा ६६ को उपदफा (३) बमोजिमको" भन्ने शब्दहरु राख्ने ।

(५) खण्ड (प) को सट्टा देहायको खण्ड (प) राख्नेः-

"(प) "समाजसेवी" भन्नाले दफा ६२ बमोजिमको व्यक्ति सम्झनु पर्छ ।"

२. विधेयकको दफा ४ को उपदफा (१०) मा रहेका "बालकल्याण अधिकारीको सहमति लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ५ को उपदफा (१) मा रहेका "भौगोलिक क्षेत्र जस्ता आधारमा" भन्ने शब्दहरुको सट्टा "भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा" भन्ने शब्दहरु राख्ने ।

४. दफा ७ को,-

(१) उपदफा (५) मा रहेका "अमानवीय व्यवहार, यौनजन्य दुर्व्यवहारर" भन्ने शब्दहरुको सट्टा "अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र" भन्ने शब्दहरु राख्ने ।

(२) दफा ७ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्नेः-

"(९) चौध वर्ष मुनीका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन ।"

५. विधेयकको दफा १२ मा देहायको उपदफा (१) थपी उपदफाक्रम मिलाउनेः-

"(१) अपाङ्गता भएका बालबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ ।"

६. विधेयकको दफा १५ को,-

(१) उपदफा (३) मा रहेका "मानसिक अवस्था अनुसार" भन्ने शब्दहरुपछि "प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

"(४) दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।"

७. विधेयकको दफा १६ को,-

(१) उपदफा (१) मा रहेका “प्राथमिकता दिनु पर्नेछ” भन्ने शब्दहरुको सट्टा “प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः-

“(४) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।”

८. विधेयकको दफा २१ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-

“(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका बालबालिकालाई नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ ।”

(२) साबिकको उपदफा (८) र उपदफाक्रम मिलाउँदा कायम हुन आएको उपदफा (९) मा रहेका “बालकल्याण अधिकारीको” भन्ने शब्दहरुको सट्टा “बालकल्याण अधिकारी वा कानून व्यवसायीको” भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा २५ को खण्ड (ङ) मा रहेका “निशुल्क कानूनी सहायता” भन्ने शब्दहरुपछि “तथा आवश्यकतानुसार मनोसामाजिक परामर्श सेवा” भन्ने शब्दहरु थप्ने ।

१०. विधेयकको दफा २९ को उपदफा (१) को खण्ड (ग) मा रहेको “(काउन्सिलिङ)” भन्ने शब्द झिक्ने ।

११. विधेयकको दफा ४८ को,-

(१) उपदफा (१) को खण्ड (ञ) मा रहेका “बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट” भन्ने शब्दहरुको सट्टा “बालबालिका विरुद्धको कसूरबाट” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को खण्ड (ट) मा रहेका “गुमाएका” भन्ने शब्दहरुपछि “, बेपत्ता भएका” भन्ने शब्दहरु थप्ने ।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपी खण्डक्रम मिलाउने :-

“(ठ) विपन्न दलित समुदायका बालबालिका,”

१२. विधेयकको दफा ५० को उपदफा (४) मा रहेका “सेवा प्रदान गर्न” भन्ने शब्दहरुपछि “तोकिए बमोजिमको” भन्ने शब्दहरु थप्ने ।

१३. विधेयकको दफा ६० को उपदफा (२) मा रहेका “अध्यक्ष वा प्रमुखले” भन्ने शब्दहरुको सट्टा “उपाध्यक्ष वा उपप्रमुखले” भन्ने शब्दहरु राख्ने ।

१४. विधेयकको दफा ६१ को सट्टा देहायको दफा ६१ राख्ने :-

“६१. बालकल्याण अधिकारी : (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बालसंरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एकजना बालकल्याण अधिकारी रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकल्याण अधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।”

१५. विधेयकको दफा ६२ को ठाउँ-ठाउँमा रहेको “समाजसेवी” भन्ने शब्द र “समाजसेवी वा बालमनोविज्ञ” भन्ने शब्दहरुको सट्टा “समाजसेवी तथा बालमनोविज्ञ” भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको परिच्छेद ८ को परिच्छेद शीर्षकको सट्टा देहायको परिच्छेद शीर्षक राख्नेः-

"बालबालिका विरुद्धको कसूर"

१७. विधेयकको दफा ६६ को सट्टा देहायको दफा ६६ राख्नेः-

"६६. बालबालिका विरुद्धको कसूरः (१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यस ऐन अर्न्तगतको बालबालिका विरुद्धको कसूर गरेको मानिनेछ ।

(२) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछः-

(क) धूम्रपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनि तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारिरीक चोटपटक वा असर पुर्‍याउने, आतङ्कित पार्ने वा धम्काउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रुर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेषधारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा संलग्न लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बालगृहमा राख्ने ।

(३) कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालयौन दुर्व्यवहार गरेको मानिनेछः-

(क) अश्लील चित्र, श्रव्य-दृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्य-दृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लिल कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बालयौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर, बोलेर, इसारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थोपचार वा बालबालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुर्व्यवहार गरेको मानिने छैन ।"

१८. विधेयकको दफा ६७ को सट्टा देहायको दफा ६७ राख्नेः-

"६७. योग्य नमानिने :(१) सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसूर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम बर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि वा त्यस्तो निजी संघ, संस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन दश वर्षसम्म योग्य मानिने छैन ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिम बालयौन दुर्व्यवहारमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ ।"

१९. विधेयकको दफा ७१ को उपदफा (१) मा रहेका "बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट" भन्ने शब्दहरुको सट्टा "बालबालिका विरुद्धको कसूरबाट" भन्ने शब्दहरु राख्ने ।

२०. विधेयकको दफा ७२ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

"(३) कसैले बालबालिका विरुद्धको कसूर गरेमा कसूरको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (द) वा दफा ७८ को उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद,

(ख) दफा ६६ को उपदफा (२) को खण्ड (छ), (ञ), (ट), (ठ), (ड), (ण) वा (थ) वा उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ), (च) वा (ञ) बमोजिमको कुनै कार्य गरेमा पचहत्तर हजार रूपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद,

(ग) दफा ६६ को उपदफा (३) को खण्ड (घ) बमोजिमको कार्य गरेमा असी हजार रूपैयाँसम्म जरिवाना र चार वर्षसम्म कैद,

(घ) दफा ६६ को उपदफा (२) को खण्ड (ज) वा (झ) बमोजिमको कुनै कार्य गरेमा एकलाख रूपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद,

(ङ) दफा ६६ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको कार्य गरेमा जुन कसूरजन्य कार्य सिकाएको वा तालीम दिएको हो त्यस्तो कसूरमा कसूरदारलाई हुने सजायको आधा सजाय,

(च) दफा ६६ को उपदफा (२) को खण्ड (त) बमोजिमको कार्य गरेमा पाँच लाख रूपैयाँसम्म जरिवाना र दश वर्षसम्म कैद,

(छ) दफा ६६ को उपदफा (३) को खण्ड (छ) वा (ज) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानून बमोजिम जवरजस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय,

(ज) दफा ६६ को उपदफा (३) को खण्ड (झ) वा (ट) बमोजिमको कुनै कार्य गरेमा एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना र पन्ध्र वर्षसम्म कैद ।"

(२) उपदफा (८) मा रहेका "पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र वा यस्तै अन्य संरक्षण गृहको" भन्ने शब्दहरु र "पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र वा" भन्ने शब्दहरुको सट्टा "पुनर्स्थापना केन्द्र वा अस्थायी संरक्षण सेवा केन्द्र" भन्ने शब्दहरु राखी सोही उपदफाको ठाउँ-ठाउँमा रहेका "संरक्षण गृह" भन्ने शब्दहरु झिक्ने ।

२१. विधेयकको दफा ७३ को,

(१) उपदफा (१) र (४) मा रहेका "बालबालिका विरुद्धको प्रचलित कानून बमोजिमको कसूर, बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून र यस ऐन बमोजिमको बालबालिका विरुद्धको कसूर" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार" भन्ने शब्दहरुको सट्टा "बालबालिका विरुद्धको कसूर" भन्ने शब्दहरु राख्ने ।

२२. विधेयकको दफा ७४ को,-

(१) उपदफा (१) मा रहेका “दफा ६६ र ६७” भन्ने शब्दहरुको सट्टा “दफा ६६” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका “बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार” भन्ने शब्दहरुको सट्टा “बालबालिका विरुद्धको कसूर” भन्ने शब्दहरु राख्ने ।

२३. विधेयकको दफा ७६ मा रहेका “दफा ६६ र ६७” भन्ने शब्दहरुको सट्टा “दफा ६६” भन्ने शब्दहरु राख्ने ।

२४. विधेयकको दफा ७८ को उपदफा (२) र (३) मा रहेका “बालबालिका विरुद्धका हिंसा वा बाल यौन दुर्व्यवहारबाट” भन्ने शब्दहरुको सट्टा “बालबालिका विरुद्धको कसूरबाट” भन्ने शब्दहरु राख्ने ।

२५. विधेयकको दफा ८३ को खण्ड (क) मा रहेको “बालकको” भन्ने शब्दको सट्टा “बालबालिकाको” भन्ने शब्द राख्ने ।

मिति : २०७५/५/२९

## ६. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन

सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ माथि ६ वटा बुँदामा प्राप्त संशोधन प्रस्तावहरु उपर दफावार छलफल भई सम्पूर्ण संशोधन प्रस्तावहरु अस्वीकार गर्ने निर्णय भयो ।

मिति : २०७५/५/३०

# ७. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन

१. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक२०७५ , (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा -: राख्ने (२) को सट्टा देहायको उपदफा (२)

"यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । (२)"

२ . विधेयकको दफा २ अन्तर्गत बुँदा २०७४ को दफा ७२ ,ऐन (संहिता) ले मुलुकी देवानी (५) ) को उपदफा१ मा रहेको (घ) पछि थप्ने व्यवस्था गरेको खण्ड (ख) को खण्ड ("पुरुषले" भन्ने शब्दको सट्टा "पुरुष वा महिलाले" भन्ने शब्दहरु राख्ने।

३. विधेयकको दफा ४ अन्तर्गत,-

)१) बुँदा (१२) अन्तर्गत देहायको खण्ड (क) थपी त्यसपछिका खण्डहरुको क्रम मिलाउनेः-

")क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

")१) कुनै कसूरदारलाई तोकिएको जरिबाना निजको सम्पत्तिबाट असूल उपर गरिनेछ। निजको कुनै सम्पत्ति नभएमा वा त्यसरी जरिबाना बापतको रकम निजबाट असूल उपर हुन नसकेमा निजलाई कैद गर्न सकिनेछ।"

)२) बुँदा (२२) पछि देहायको बुँदा (२३) थपी त्यसपछिका बुँदाहरुको क्रम मिलाउने :-

"(२३) दफा १८७ को उपदफा )१( मा रहेका "कसूरमा जहिलेसुकै उजुरी गरे पनि लाग्नेछ" भन्ने वाक्यांशको सट्टा "कसूरदार आफैं सावित भई पोलेकोमा जहिलेसुकै पनि उजुर लाग्नेछ। त्यस्तो कसूरमा कर्तव्यको उजुरी परेकोमा अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा बीस वर्ष पछि र कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएका दुई वर्षपछि उजुरी लाग्ने छैन" भन्ने वाक्यांश राखिएको छ।"

)३) साविकको बुँदा (२३) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा (२४) पछि देहायको बुँदा (२५) थप गरी त्यसपछिका बुँदाक्रम मिलाउने :-

")२५) दफा २१९ को,-

(क) उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

“)क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,”

)ख) खण्ड (ख) मा रहेका “चौध वर्षदेखि सोह्र वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “अठार वर्षदेखि बीस वर्षसम्म” भन्ने शब्दहरु राख्ने ।

)ग( उपदफा (७)को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने

-:

“तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) बमोजिम (क) को खण्डको सजाय हुनेछ । ”

)४) साविकको बुँदा (२६) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा (२८) पछि देहायका बुँदा (२९), (३०), (३१), (३२) र (३३) थपी त्यसपछिका बुँदाक्रम मिलाउने :-

“)२९) दफा २४७ को दफा शीर्षकपछि उपदफाक्रम “(१)” राखी सो उपदफापछि देहायको उपदफा (२) थपिएको छ :-

“(२) उपदफा (१) बमोजिम विगो भराउँदा बरामद भै आएको मालमध्ये चिन्हले वा प्रमाणबाट यसको भन्ने ठहरेको जति जसको हो उसैलाई भराई दिई अरु धनी पत्ता नलागेको माल धरौट राखी तीन महिनाको अवधि दिई सूचना जारी गर्नु पर्नेछ र सो अवधिमा कसैले लिन आयो र चोरीको दरखास्तमा लेखिएको मालसँग मिल्न आयो भने सम्बन्धित मालधनीलाई फिर्ता दिनु पर्नेछ। त्यसरी मालवस्तु लिन आएन वा दरखास्तको मालमा मिलेन भने पहिले पक्री ल्याउने धनीलाई साबूत भराई बढ्ता भए अरु कायम गराइसकेको धनीलाई दामासाहीको हिसाबले भराई दिई बढी भए लिलाम गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।”

(३०) दफा को सट्टा देहायका खण्ड (ख) र (क) को खण्ड (२) को उपदफा 231 (क) र (ख)राखिएको छ-:

कसैको (क)“ ज्यान गएकोमा जन्मकैद,

”बमोजिमको सजाय । 192 कसैको अङ्गभङ्ग भएकोमा दफा (ख)

(३१) दफा “ मा रहेका (१) को उपदफा 232पर्याप्त होशियारी र सावधानी नअपनाई लापरवाही वा हेलचेत्र्याइँ गरी” भन्ने शब्दहरूको सट्टा “गम्भीर लापरवाही वा हेलचेत्र्याइँ गरी” भन्ने शब्दहरू राखिएका छन्।

(३२) दफा (१) को उपदफा 233को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ-:

"तर विपद् वा सडक दुर्घटना भएको वा सम्बन्धित व्यक्तिको बाबुआमा , वा संरक्षकको तत्काल मञ्जुरी लिन नसकिने वा सो कुराको जानकारी दिन नसकिने अवस्थामा त्यस्तो व्यक्तिको ज्यान जोगाउनको लागि तत्काल उपचार वा अङ्ग चिरफार गर्न कुनै बाधा पर्ने छैन ।"

(३३) दफा २४० को उपदफा (१) मा रहेका" जहिले सुकै पनि उजुरी लाग्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "दफा १८७ को उपदफा (१) मा उल्लिखित हदम्याद लाग्नेछ" भन्ने शब्दहरु राखिएको छ ।

)५) साविकको बुँदा (२८) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा (३५) पछि देहायको बुँदा (३६) थपी त्यसपछिका बुँदाक्रम मिलाउने :-

"(३६) दफा 306को,

(क)" उपदफा झिकिएको छ (ग) को खण्ड (२) ।

(ख)उपदफा )३) को खण्ड (छ (पछि देहायको खण्ड (ज)थपिएको छ -:

(ज)" सार्वजनिक हित, सदाचार वा नैतिकताको लागि असल नियतले कसैको कुनै कार्य, चरित्र वा आचरणको सम्बन्धमा व्यंग्य गर्न वा आधार र कारण सहित कुनै टिप्पणी गर्न वा कुनै कुरा प्रकाशन वा प्रसारण गर्न ।"

४. विधेयकको दफा ५ अन्तर्गत-,

)१) बुँदा (२) को सट्टा देहायको बुँदा (२) राख्ने -:

")२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:-

"३. <u>छुट्टै कानूनी व्यवस्था भएकोमा असर नपर्ने</u> : ,कुनै कसूरको अनुसन्धान (१) अभियोजन मुद्दा ,हेर्ने अधिकारक्षेत्रसुनुवाइ , फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन।

मा उल्लिखित छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको (१) उपदफा (२) विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ ।

(१) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा देहाय बमोजिम हुनेछ -:

कुनै कसूरमा मुद्दा चलाउने सम्बन्धमा छुट्टै ऐनमा (क)कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित

कार्यालय प्रमुखले सबुत प्रमाणसाथ अभियोगपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पेश गर्नु पर्ने,

(ख) खण्ड बमोजिम मिसिल प्राप्त भए पछि मुद्दा चल्ने वा नचल्ने निर्णय (क) गरी मुद्दा चल्ने निर्णय भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथानिज उपरको अभियोगसजाय र अभियोग ,पत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने ,

(ग) खण्ड  बमोजिम (ख)मुद्दा चलाउने निर्णय प्राप्त भएपछि सोही अनुरूपको अभियोगपत्र तयार गरी थुनुवा भए थुनुवा समेत लगी म्यादभित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्ने,

(घ) खण्ड  (ग) बमोजिमको अधिकारी वा कार्यालय प्रमुखले खण्ड (क) -बमोजिम अभियोगपत्र दायर गर्नुका अतिरिक्त देहायका कार्य गर्न सक्नेः

सरकारी वकीलको राय लिई दफा ३३ बमोजिम अभियुक्तलाई (१) सजाय कम गर्ने सम्बन्धी माग दावी लिई अभियोगपत्र दायर गर्न र सोही दफाको उपदफा को अवस (६)्थामा छूट सजाय रद्द गर्न मागदाबी लिई  सम्बन्धित अदालतमा निवेदन दिने,

सरकारी वकीलको राय लिई दफा ३५ बमोजिम थप दाबी सहित (२) ,मुद्दा दायर गर्न

सरकारी वकीलको राय लिई दफा ३६ बमोजिम थप दावी  सहित (३) ,मुद्दा दायर गर्न

सरकारी वकीलको राय लिई दफा ३७ बमोजिम त्रु (४)टी सच्याउनको लागि अदालतमा निवेदन दिन,

सरकारी वकील मार्फत दफा १०१ बमोजिम अदालतमा साक्षी पेश (५) ,गर्न

साक्षी विशेषज्ञलाई दफा ११३ बमोजिमको दैनि (६)क तथा भ्रमण भत्ता उपलब्ध गराउन ।

( २(     बुँदा (१४) अन्तर्गत खण्ड  (क)ले राख्न प्रस्ताव गरेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने-ः

"तर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार महान्यायाधिवक्ताबाट मातहतको सरकारी वकीललाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।"

) ३(    बुँदा (४४) ले संशोधन प्रस्ताव गरेको दफा ११७ को उपदफा  मा रहेका (२) "नेपाल सरकारले त्यस्तो मुद्दामा सरकारी वकील मार्फत" भन्ने शब्दहरुको सट्टा "महान्यायाधिवक्ताले" भन्ने शब्द राख्ने ।

)४) बुँदा (५१) पछि देहायको बुँदा (५२) थपी त्यसपछिका बुँदाक्रम मिलाउने ः-

"५२)) दफा  137को,-

(क) उपदफा )९ (मा रहेको "हकमा" भन्ने शब्दको सट्टा "हकमा निवेदन दिँदा वा पुनरावेदन गर्दा" भन्ने शब्दहरु राखिएको छ।

(ख)  उपदफा )१०झिकिएको छ (।"

(५)    साविक बुँदा (५५) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा )५६( अन्तर्गत मुलुकी फौजदारी कार्यविधि )संहिता( ऐन) २०७४ को दफा १४५ को उपदफा ,१( पछि थप्न प्रस्ताव गरिएको उपदफा (१क) र उपदफा (३) पछि थप्न प्रस्ताव गरिएको उपदफा (२) मा रहेको "साधक" भन्ने शब्दको सट्टा "राय" भन्ने शब्द राखे,

(६)   साविकको बुँदा (५९) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा (६०) पछि     देहायको बुँदा      (६१) थपी त्यसपछिका बुँदाक्रम मिलाउने ः-

")६१)    दफा १६२ को उपदफा )९ (मा रहेको "तत्काल" भन्ने शब्दको सट्टा "अन्तिम फैसला भएपछि तत्काल" भन्ने शब्दहरु राखिएको छ।"

(७)   साविकको बुँदा (७१) बुँदाक्रम मिलाउँदा कायम हुने बुँदा (७३) पछि देहायको बुँदा (७४) थपी त्यसपछिको बुँदाक्रम मिलाउने ः-

")७४)    दफा -ः थप्ने (४) र (३) पछि देहायको उपदफा (२) को उपदफा 189

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध  (३)" २३३,232 ,231 संहिताको दफा र बमोजिमको क 238सूरको अनुसन्धान देहाय बमोजिमको समितिले गर्नेछ -ः

(क)नेपाल मेडिकल काउन्सिलले तोकेको
सम्बन्धित विज्ञ चिकित्सक -
संयोजक

(ख) स्वास्थ्य सम्बन्धी विषय हेर्ने
नेपाल सरकारको मन्त्रालयले तोकेको
नेपाल स्वास्थ्य सेवाको सम्बन्धित क्षेत्रमा विज्ञता
हासिल गरेको कम्तीमा एघारौं तहको अधिकृत -सदस्य

महान्यायाधिवक्ताले तोकेको सहन्यायाधिवक्ता (ग) -सदस्य

(घ) गृह मन्त्रालयले तोकेको नेपाल प्रहरीको
कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

(ङ) उपभोक्ता हकहितको क्षेत्रमा क्रियाशील व्यक्तिमध्येबाट
स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले
तोकेको एकजना -सदस्य

बमोजिमको समितिले अनुसन्धान गर्दा सम्बन्धित (३) उपदफा (४) व्यक्तिले कसूर गरेको प्रमाण भेटिएमा निज विरुद्ध मुद्दा चलाउन सम्बन्धित सरकारी वकिलको कार्यालयलाई लेखी पठाउनेछ ।"

५. विधेयकको दफा ६ अन्तर्गत-,

(१) बुँदा" मा रहेको (ग) अन्तर्गत खण्ड (४) बाहेकको "वा" भन्ने शब्दको सट्टा " भन्ने शब्द राख्ने ।

(२) ) बुँदा७ (अन्तर्गत थप्ने व्यवस्था गरिएको दफा १७क मा रहेका (२) को उपदफा . "सजाय निर्धारणको लागि छुट्टै सुनुवाई गरी "भन्ने शब्दहरु झिकी सोही उपदफा र उपदफा भन्ने शब्दको "साधक" मा रहेका (३) सट्टा भन्ने शब्द राख्ने "राय" ।

मिति : २०७५/०६/०३

## ८. प्रशासकीय अदालत विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) "अदालत" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनु पर्छ ।"

२. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्ने :-

"३. अदालतको गठन : (१) दफा ७ बमोजिमको मुद्दा तथा विषयमा पुनरावेदन सुन्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उच्च अदालतमा प्रशासकीय अदालतको रुपमा काम गर्न देहाय बमोजिमको इजलास गठन गर्न सक्नेछ :-

(क) न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको सम्बन्धित उच्च अदालतको न्यायाधीश - अध्यक्ष

(ख) न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको सम्बन्धित उच्च अदालतको अर्को एकजना न्यायाधीश - सदस्य

(ग) निजामती सेवाको विशिष्ट सेवाको पदमा कम्तीमा तीन वर्ष सेवा गरी निवृत्त वा सार्वजनिक प्रशासन वा कानून विषयमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभवप्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना - सदस्य

(२) उपदफा (१) बमोजिम गठन भएको अदालतको प्रादेशिक क्षेत्राधिकार न्याय परिषद्को परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको पदमा एकै व्यक्तिलाई दुई पटकभन्दा बढी अवधिको लागि नियुक्ति गरिने छैन ।"

३. विधेयकको दफा ४ मा रहेका "यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको" भन्ने शब्दहरुको सट्टा "दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यको" भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ५ को,-

(क) उपदफा (१) मा रहेका "यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्य" भन्ने शब्दहरुको सट्टा "दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्य" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (२) मा रहेका "यस ऐन बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यलाई" भन्ने शब्दहरुको सट्टा "दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यलाई" भन्ने शब्दहरु राख्ने ।

(ग) उपदफा (३) मा रहेका "उच्च अदालतको बहालवाला न्यायाधीश अदालतको सदस्य तोकिएको अवस्थामा निज जुनसुकै व्यहोराले उच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त गरे तापनि" भन्ने शब्दहरुको सट्टा "दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष वा खण्ड (ख) बमोजिमका सदस्यले जुनसुकै व्यहोराले उच्च अदालतको न्यायाधीश पदबाट अवकाश प्राप्त गरेमा" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राख्ने :-

"६. पारिश्रमिक, सेवाका शर्त र सुविधा : दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यको पारिश्रमिक, सुविधा र सेवाका शर्त उच्च अदालतको न्यायाधीश सरह हुनेछ ।"

६. विधेयकको दफा २० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) सम्बन्धित उच्च अदालतको रजिष्ट्रारले अदालतको रजिष्ट्रारको रुपमा समेत काम गर्नेछ ।"

७. विधेयकको दफा २१ र २२ को सट्टा देहायका दफा २१ र २२ राख्ने :-

"२१. कर्मचारी सम्बन्धी व्यवस्था : सम्बन्धित उच्च अदालतका कर्मचारीले अदालतको कर्मचारीको रुपमा समेत काम गर्नेछन् ।

२२. शपथ ग्रहण : दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।"

८. विधेयकको अनुसूचीमा रहेका "अध्यक्ष/सदस्य पदमा" भन्ने शब्दहरुको सट्टा "सदस्य पदमा" भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/०६/१०

## ९. निवृत्तभरण कोष विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. निवृत्तभरण कोष विधेयक, २०७५ (यसपछि “विधेयक” भनिएको) को दफा १२ को दफाशीर्षकपछि उपदफाक्रम “(१)” थप्ने,

२. प्रतिनिधि सभाले संशोधन गरेको विधेयकको दफा १४ को उपदफा (३) मा उल्लेखित “गर्ने” भन्ने शब्दको सट्टा “गरेको” भन्ने शब्द राख्ने,

३. विधेयकको दफा २१ को उपदफा (२) मा रहेको “एक सिफारिस समिति” भन्ने शब्दहरुको सट्टा “तीन सदस्यीय सिफारिस समिति” भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/११/०८

## १०. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्ने :-

**"प्रस्तावना** : प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,"

२. विधेयकको दफा २ को सट्टा देहायको दफा २ राख्ने :-

"२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनु पर्छ।

(घ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(ङ) "प्रदेश प्रहरी सेवा" भन्नाले कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(च) "सङ्गठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(झ) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सेवा सम्झनु पर्छ।

(ञ) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ ।

(ट) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।"

३. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्ने :-

"३. आयोग गठनका आधार: (१) आयोगमा अध्यक्ष सहित बढीमा तीनजना सदस्य रहने छन् ।

(२) अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(५) अध्यक्ष र सदस्यको नियुक्तिको आधार र योग्यता लोक सेवा आयोगको अध्यक्ष र सदस्य सरह हुनेछ ।

(६) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।"

४. विधेयकको दफा ३ पछि देहायको दफा ४ थपी सोपछिका दफाक्रम मिलाउने :-

"४. पद रिक्त हुने आधार: (१) देहायको आधारमा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुने गरी प्रदेश कानूनमा व्यवस्था गर्नु पर्नेछ :-

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(२) संविधान र प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्ने छन् ।

(३) उपदफा (२) बमोजिम आरोपको प्रस्ताव पेश भई दर्ता भएमा त्यस्तो प्रस्तावमा उल्लिखित आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न प्रदेश सभामा एक छानबिन समिति गठन गरिनेछ ।

(४) अध्यक्ष वा सदस्य विरुद्धको आरोपको प्रस्ताव उपर छानबिन गर्ने सम्बन्धी व्यवस्था प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले पद मुक्त गर्ने भनी सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा पेश गरेमा र प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ ।

(६) उपदफा (६) बमोजिम पद मुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनित हुन सक्ने छैन ।"

५. साविक दफा ४ (कायम हुने दफा ५) को उपदफा (२) को खण्ड (ख) र यसैको उपदफा (३) मा रहेका "प्रदेश लोक सेवा आयोग" भन्ने शब्दहरुको सट्टा "आयोग" भन्ने शब्द राख्ने ।

६. साविक दफा ५ (कायम हुने दफा ६) को सट्टा देहायको दफा ६ राख्ने :-

"६. आयोगको काम, कर्तव्य र अधिकार: आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्दा देहायका आधार र मापदण्ड बमोजिम गर्नु पर्नेछ :-

(क) लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त, र

(ख) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड ।"

७. विधेयकको साविक दफा ६ (कायम हुने दफा ७) को सट्टा देहायको दफा ७ राख्ने :-

"७. परीक्षा सञ्चालन: (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछ :-

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तर्वार्ता, र

(ग) आयोगले समय समयमा तोकेका अन्य तरिका ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ ।”

८. विधेयकको साविक दफा ७ (कायम हुने दफा ८ को उपदफा (१) मा रहेका “प्रदेश लोक सेवा आयोगले” भन्ने शब्दहरुको सट्टा “आयोगले” भन्ने शब्द राख्ने ।

९. विधेयकको साविक दफा ८ (कायम हुने दफा ९) को सट्टा देहायको दफा ९ राख्ने :-

“९. लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने: आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत् लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ ।”

१०. विधेयकको साविक दफा ९ (कायम हुने दफा १०) को सट्टा देहायको दफा १० राख्ने :-

“१०. स्थायी नियुक्ति र परामर्श: (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पद, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्शबिना गरिने छैन ।

(२) देहायका विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।”

११. विधेयकको साविक दफा १० (कायम हुने दफा ११) को सट्टा देहायको दफा ११ राख्ने :-

“११. सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्नेः (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिद्धान्त र मापदण्ड लोक सेवा आयोगले सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिद्धान्त र मापदण्ड बमोजिम काम कारबाही गर्नको लागि लोक सेवा आयोगले आयोगसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

(४) उपदफा ((१) विपरित हुने गरी आयोगले गरेको काम, कारबाही स्वतः बदर भएको मानिनेछ ।”

१२. विधेयकको साविक दफा ११ (कायम हुने दफा १२) मा उल्लिखित “प्रदेश लोक सेवा आयोग” भन्ने शब्दहरुको सट्टा “आयोग” भन्ने शब्द राख्ने ।

मिति : २०७५/११/०८

## ११. प्रतिनिधि सभाबाट संशोधन सहित पारित राहदानी विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. राहदानी विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा १२ (प्रतिनिधि सभाको संशोधन सहित) को सट्टा देहायको दफा १२ राख्ने :-

"१२. राहदानी जारी नगर्ने वा रोक्का राख्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछ :-

(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,

(ख) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम त्यस्ता व्यक्तिको राहदानी जारी नगर्न वा रोक्का राख्न अदालतले लेखी पठाएको,

(ग) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ङ) मनासिब माफिकको कारण सहित नेपाल सरकार वा अदालतको आदेशबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न वा जारी भएको राहदानी रोक्का राख्न आदेश भएको,

(च) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई जारी नगर्ने वा राहदानी रोक्का राख्ने भनी निर्णय गरेको,

(छ) राहदानीबाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको ।

(२) विभागले उपदफा (१) बमोजिमको कारणबाट साधारण राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न वा राहदानी रोक्का नराख्न आदेश भएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूरमा अदालतबाट सफाई पाएमा वा खण्ड (घ) बमोजिमको कसूरमा कानून बमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(५) उपदफा (१) को खण्ड (घ), (ङ) वा (च) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखि आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ।"

२. विधेयकको दफा २९ मा रहेका "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरु राख्ने,

३. विधेयकको दफा ३३ को दफाशीर्षक सहित ठाउँ-ठाउँमा रहेका "तथा निर्देशिका" भन्ने शब्दहरु झिक्ने ।

४. विधेयकको दफा ३४ मा रहेका "ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम कार्यान्वयन गर्न" भन्ने शब्दहरुको सट्टा "ऐनको उद्देश्य विपरित नहुने गरी" भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/११/०८

## १२. ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ (यसपछि "विधेयक"भनिएको) को दफा २ अन्तर्गत थप्ने व्यवस्था गरिएको खण्ड (च२) को अन्त्यमा रहेको "सम्झनु पर्छ" भन्ने शब्दहरुपछि "र सो शब्दले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र, आश्रम केन्द्र वा यस्तै प्रकृतिका अन्य संरचनालाई समेत जनाउँछ" भन्ने शब्दहरु थप्ने ।

२. विधेयकको दफा २ को बुँदा (१) ले गरेको व्यवस्थापछि देहाय बमोजिम बुँदा (२) र (३) थपी बुँदाक्रम मिलाउने :-

"(२) खण्ड (छ) को उपखण्ड (१) मा रहेका "नाति, नातिनी," भन्ने शब्दहरुपछि "छोरीतर्फको नाति, नातिनी" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :-

"(ञ१) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।" "

३. विधेयकको दफा ३ अन्तर्गत उपदफा (४क) को अन्त्यमा रहेको "मिलाइनेछ" भन्ने शब्दको सट्टा "गरिनेछ" भन्ने शब्द राख्ने ।

४. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :-

"४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,-

(१) उपदफा (५) मा रहेका "गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख समक्ष" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको न्यायिक समिति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (६) र (७) मा रहेका "गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको न्यायिक समितिले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपिएका छन् :-

"(९) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना नगर्ने व्यक्तिले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति भोग गरेको विषयमा स्थानीय तहमा उजुरी परेमा न्यायिक समितिले ज्येष्ठ नागरिकको नाममा रहेको त्यस्तो चल अचल सम्पत्ति निजको सट्टा निजलाई पालनपोषण तथा हेरचाह गर्ने नातेदार वा हकवालालाई जिम्मा लगाउन सक्नेछ ।

(१०) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।" "

५. विधेयकको दफा ६ मा प्रस्तावित दफा ८क. को उपदफा (१०) मा रहेका "आर्थिक वर्षको अन्त्यमा" भन्ने शब्दहरुपछि "आमा, बाबु र" भन्ने शब्दहरु थप्ने ।

६. विधेयकको दफा ११ मा प्रस्तावित दफा १४क. को,-

(१) उपदफा (१) मा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरुपछि "प्रदान" भन्ने शब्द थप्ने ।

(२) उपदफा (२) मा रहेका “प्रदेश सरकारले” भन्ने शब्दहरुको सट्टा “प्रदेश कानूनले” भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा १२ मा प्रस्तावित दफा १५ को उपदफा (१) मा रहेका “सामाजिक सुरक्षा” भन्ने शब्दहरुपछि “प्रदान” भन्ने शब्द थप्ने ।

८. विधेयकको दफा १६ मा प्रस्तावित दफा २५क. को खण्ड (क) मा रहेका “छोरा छोरीले” भन्ने शब्दहरुको सट्टा “परिवारका सदस्यले” भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा १७ मा प्रस्तावित दफा २६ को,-

(१) उपदफा (२) मा रहेका “एक महिनादेखि” भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (३) मा रहेका “तीन वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (५) मा रहेका “एक महिनादेखि” भन्ने शब्दहरु झिक्ने ।

मिति : २०७५/११/०९

## १३. नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा ८१ अन्तर्गत कम्पनी ऐन, २०६३ को दफा ९ मा थप्न प्रस्तावित उपदफा (१क) मा रहेका "यातायात व्यवसायीले प्राईभेट कम्पनी" र "जतिसुकै शेयर धनी संख्या" भन्ने शब्दहरुको सट्टा क्रमशः "यातायात व्यवसायीहरु मिली प्राईभेट कम्पनी" र "उपदफा (१) मा लेखिएभन्दा बढी शेयर धनी संख्या" भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/११/१३

## १४. केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ का सम्बन्धमा समितिको प्रतिवेदन

१. केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ (यसपछि "विधेयक"भनिएको) को दफा ८ अन्तर्गतको बुँदा (४) हटाउने ।

२. विधेयकको दफा ११ बुँदा (१) अन्तर्गत प्रस्तावित काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को उपदफा १३.१ को खण्ड १३.१.१ पछि देहायको खण्ड १३.१.२ थपी खण्डक्रम मिलाउने :-

"१३.१.२ सम्बन्धित प्रदेशको शहरी विकास हेर्ने मन्त्री - सदस्य"

३. विधेयकको दफा १६ को बुँदा (१) को (ख) अन्तर्गत स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को उदफा ५ मा थप्न प्रस्तावित उपदफा (४) को अन्त्यमा रहेको "मिलाउनेछ" भन्ने शब्दको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने ।

४. विधेयकको दफा २५ मा बुँदा (१) अन्तर्गत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ह) को सट्टा प्रस्तावित खण्ड (ह) मा रहेका "नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, उपप्रमुख तथा उपाध्यक्ष" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष" भन्ने शब्दहरु राख्ने ।

५. दफा ३० अन्तर्गत भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ मा प्रस्तावित संशोधनहरुमध्ये,-

(क) बुँदा (१) मा प्रस्तावित "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राख्ने ।

(ख) बुँदा (४) मा प्रस्तावित "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/११/१४

## १५. लेखापरीक्षण विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित लेखापरीक्षण विधेयक, २०७५ उक्त संशोधन सहित (समितिद्वारा संशोधनबिना) पारित ।

मिति : २०७५/११/२७

## १६. प्रतिनिधि सभाद्वारा संशोधन सहित पारित जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिम पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिमको विवरण र ढाँचामा प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत् वा सिधै केन्द्र समक्ष निवेदन दिनु पर्नेछ र सम्बन्धित प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालयमा प्राप्त निवेदन तोकिएको समयभित्र केन्द्रमा पठाउनु पर्नेछ ।

२. विधेयकको दफा ७ को दफाशीर्षकमा रहेको "पञ्जीकरण" भन्ने शब्दको सट्टा "पञ्जीकृत" भन्ने शब्द राख्ने ।

३. विधेयकको दफा १० (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा ११) को साविक खण्ड (ङ) (कायम हुने खण्ड (च)) को सट्टा प्रतिनिधि सभाद्वारा संशोधित खण्ड (च) मा रहेका "एक जना महिला सहित तीन जना" भन्ने शब्दहरुको सट्टा "दुईजना महिला सहित पाँचजना" भन्ने शब्दहरु राख्ने ।

४ विधेयकको दफा १७ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा १८) को उपदफा (४) मा रहेका "ओसार पसार" भन्ने शब्दहरुपछि "वा विसर्जन" भन्ने शब्दहरु थप्ने ।

५. विधेयकको दफा ३४ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा ३५) मा रहेका "भण्डारणको प्रयोग" भन्ने शब्दहरुपछि "वा विसर्जन" भन्ने शब्दहरु थप्ने ।

मिति : २०७५/११/२८

## १७.  नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा ७ को बुँदा (१) अन्तर्गत संशोधनका लागि प्रस्तावित उपदफा (१) मा रहेका "निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "निर्धारण गरेको मापदण्ड बमोजिम" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा १० अन्तर्गत प्रस्तावित दफा २५ को,-

(क) उपदफा (१) को खण्ड (ग) मा रहेको "प्रशासक" भन्ने शब्दपछि "- सञ्चालक" भन्ने शब्द थप्ने ।

(ख) उपदफा (२) मा रहेका "पदावधि चार वर्ष" भन्ने शब्दहरु झिक्ने ।

(ग) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) र (छ) बमोजिमका सञ्चालकलाई जुनसुकै बखत हटाउन सकिनेछ ।

तर, त्यस्तो सञ्चालकलाई हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।"

(घ) उपदफा (६) मा रहेका "निर्वाचित हुने" भन्ने शब्दहरु झिकी "संख्यामा " भन्ने शब्दहरुपछि "सात जनामा नबढ्ने गरी" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा २६ अन्तर्गत नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५८ को उपदफा (१) मा प्रस्तावित संशोधनमा उल्लिखित "दश हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "एक वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरु राख्ने ।

मिति : २०७५/११/२८

## १८. भूउपयोग विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. भूउपयोग सम्बन्धी विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा २ को खण्ड (द) मा रहेको "अन्त्येष्टिस्थल" भन्ने शब्दपछि "सडक, सिँचाई कुलो वा नहर" भन्ने शब्दहरु थप्ने ।

२. विधेयकको दफा ४ को,-

(क) उपदफा (१) मा रहेका "भूउपयोग कार्यक्रम सञ्चालन भएका क्षेत्रको" भन्ने शव्दहरुको सट्टा "नेपालको" भन्ने शव्द राख्ने ।

(ख) साविकको उपदफा (७) (प्रतिनिधिसभाको प्रतिवेदन बमोजिम कायम हुने उपदफा (८)) मा रहेको "प्रकाशन" भन्ने शब्दको सट्टा "स्थानीय पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ६ को उपदफा (८) को खण्ड (छ) मा रहेको "शैक्षिक क्षेत्र," भन्ने शब्दहरुपछि "सडक, स्वास्थ्य संस्था, सिँचाई कूलो वा नहर रहेको क्षेत्र" भन्ने शब्दहरु थप्ने ।

४. विधेयकको दफा १४ को,-

(क) उपदफा (१) को खण्ड (क) पछि देहाय बमोजिम खण्ड (ख) थपी त्यसपछिका खण्डक्रम मिलाउने :-

"(ख) सदस्य, राष्ट्रिय योजना आयोग (भूमि व्यवस्था विषय हेर्ने) - सदस्य"

(ख) उपदफा (२) मा रहेको "नेपाल सरकारले तोकिएको आधारमा त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "पदीय जिम्मेवारी सन्तोषजनक रुपमा पुरा नगरेमा, संघीय भूउपयोग परिषद्को हित विपरीत कुनै काम गरेमा, कार्यक्षमताको अभाव वा खराब आचरण भएमा नेपाल सरकारले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा १६ को उपदफा (२) मा रहेको "प्रदेश सरकारले तोकिएको आधारमा त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "पदीय जिम्मेवारी सन्तोषजनक रुपमा पुरा नगरेमा, प्रदेश भूउपयोग परिषद्को हित विपरित कुनै काम गरेमा, कार्यक्षमताको अभाव वा खराव आचरण भएमा प्रदेश सरकारले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ" भन्ने शब्दहरु राख्ने ।

६. विधेयकको साविक दफा २३ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा २५ को उपदफा (२) मा रहेको "दफा २२" भन्ने शब्दको सट्टा "दफा २४" भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको साविक दफा २४, २५ र २७ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा २६, २७ र २९ मा रहेको "दफा २२" भन्ने शब्दहरुको सट्टा "दफा २४" भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको साविकको दफा २६ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा २८) मा रहेको "दफा २३" भन्ने शब्दको सट्टा "दफा २५" भन्ने शब्दहरु राखी सोही दफामा रहेको "उपर उपर" भन्ने शब्दहरुको सट्टा "उपर" भन्ने शब्द राख्ने ।

९. विधेयकको साविकको दफा २८ (प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम हुने दफा ३० पछि देहायको दफा ३१ थपी र दफाक्रम मिलाउनेः-

"३१. समावेशिताको आधारमा मनोनयन गर्नु पर्ने : नेपाल सरकार वा प्रदेश सरकारले यस ऐन बमोजिम संघीय भूउपयोग परिषद् वा प्रदेश भूउपयोग परिषद्मा विज्ञ सदस्य मनोनयन गर्दा समावेशीताको आधारमा गर्नु पर्नेछ।"

मिति : २०७५/१२/०७

## १९. विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिबाट प्रारम्भ हुनेछ ।"

२. विधेयकको दफा ४ को,-

(क) उपदफा (५) को खण्ड (ज) मा रहेका "बोर्डले निर्धारण गरेको यस सम्बन्धी मापदण्ड वा" भन्ने शब्दहरु झिक्ने ।

(ख) दफाशीर्षक तथा सोही दफाको ठाउँ-ठाउँमा रहेका "अनुमति" भन्ने शब्दको सट्टा "अनुमतिपत्र" भन्ने शब्द राखिएको छ ।

३. विधेयकको दफा ५ को,-

(क) उपदफा (१) को,-

(अ) खण्ड (ख) मा रहेका "खेलाउन वा" भन्ने शब्दहरुपछि "प्रचलित कानून बमोजिम अनुमति नलिएको" भन्ने शब्दहरु राख्ने ।

(आ) खण्ड (ग) मा रहेका "अश्लिल विषय" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम अश्लिल मानिने विषय" भन्ने शब्दहरु राख्ने ।

(इ) खण्ड (छ) को अन्त्यमा "र" भन्ने शब्द थप्ने ।

(ई) खण्ड (ज) मा रहेको ", र" भन्ने शब्दको सट्टा पूर्णविराम चिन्ह "।" राखी त्यसपछि देहाय बमोजिम प्रतिबन्धात्मक वाक्यांश थप्ने :-

"तर शैक्षिक जानकारी दिने विषय उल्लेख गर्न बाधा पर्ने छैन ।"

(उ) खण्ड (झ) झिक्ने ।

(ख) उपदफा (२) को,-

(अ) खण्ड (क) मा रहेका "राष्ट्रियता वा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रियता, स्वाधीनता वा" भन्ने शब्दहरु राख्ने ।

(आ) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी त्यसपछिका खण्डक्रम मिलाउने :-
"(ख) राज्यद्रोह, अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहन गर्ने गरी,"

(इ) साविकको खण्ड (ग) क्रम मिलाउँदा कायम हुने खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने :-
"(घ) गाली बेइज्जती हुने गरी,"

(ई) साविकको खण्ड (छ) झिक्ने ।

(उ) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने :-
"(झ) स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साहित र निरुत्साहित गर्ने गरी,"

(ऊ) खण्ड (ञ) मा रहेका “भ्रम वा अफवाह” भन्ने शब्दहरुअघि “नभए नगरेको कुराको” भन्ने शब्दहरु थप्ने ।

(ए) खण्ड (ट) मा रहेका “स्वच्छ प्रतिस्पर्धामा” भन्ने शब्दहरु अघि “वस्तु वा सेवा उत्पादन वा वितरणको” भन्ने शब्दहरु थप्ने ।

(ऐ) खण्ड (ण) झिक्ने ।

(ग) उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने :-

“(३) कसैले पनि निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी विज्ञापन गर्न गराउन पाइने छैन ।”

४. विधेयकको दफा ७ मा रहेको “संस्कृतिक” भन्ने शब्दको सट्टा “सांस्कृतिक” भन्ने शब्द राख्ने ।

५. विधेयकको दफा १४ को उपदफा (१) को खण्ड (च) र (छ) को सट्टा देहायका खण्ड (च) र (छ) राख्ने :-

“(च) उपभोक्ता हक, हितको क्षेत्रमा वा आमसञ्चारको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभवप्राप्त व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(छ) बोर्डका वरिष्ठ कर्मचारीमध्येबाट बोर्डले तोकेको कर्मचारी - सदस्य-सचिव”

६. विधेयकको दफा १५ को,-

(क) खण्ड (ख) मा रहेका “परीक्षण गर्ने मापदण्ड” भन्ने शब्दहरुका सट्टा “परीक्षण गर्न तोकिएको आधारमा मापदण्ड” भन्ने शब्दहरु राख्ने ।

(ख) खण्ड (ग) मा रहेका “विषय तथा विज्ञापन एजेन्सी एवं सञ्चारमाध्यमको” भन्ने शब्दहरु झिक्ने ।

(ख) खण्ड (ङ) मा रहेका “भ्रम फैलाउने” भन्ने शब्दहरु अघि “नभए वा नगरेको कुराको” भन्ने शब्दहरु थप्ने ।

(ग) खण्ड (ट) पछि रहेका खण्ड (ड) र (ढ) लाई क्रमानुसार खण्ड (ठ) र (ड) कायम गर्ने ।

७. विधेयकको दफा १८ को उपदफा (३) मा रहेका “नेपाल सरकारले” भन्ने शब्दहरुपछि “कारण खुलाई” भन्ने शब्दहरु थप्ने ।

८. विधेयकको दफा २० को उपदफा (३) मा रहेका “उपदफा (१) बमोजिम” भन्ने शब्दहरुका सट्टा “उपदफा (२) बमोजिम” भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा २१ को,-

(क) उपदफा (२) को खण्ड (ख) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थप्ने :-

“तर विज्ञापन वितरणमा खर्च हुन नसकेको रकमबाट त्यस्तो रकम कट्टा गर्न पाइने छैन ।”

(ख) उपदफा (४) पछि देहायको उपदफा (५) थपी साविक उपदफा (५) लाई उपदफा (६) कायम गर्ने :-

"(५) नेपाल सरकार वा सरकारी निकायबाट कोषमा विज्ञापनको लागि प्राप्त रकममध्ये विज्ञापनको लागि खर्च भई प्रत्येक आर्थिक वर्षको अन्त्यमा कोषमा बचत भएको रकम नेपाल सरकारले प्रचलित कानून बमोजिम खर्च गर्न सक्नेछ ।"

१०. विधेयकको दफा २३ को,-

(क) उपदफा (१) मा रहेका "प्रत्येक प्रदेशको" भन्ने शब्दहरुको सट्टा "प्रदेश कानून बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (२) मा रहेका "बढीमा छ जना" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकजना महिला सहित बढीमा छजना" भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको दफा २४ को उपदफा (२) मा रहेका "आवश्यक" भन्ने शब्दपछि "कानूनी" भन्ने शब्द थप्ने ।

१२. विधेयकको दफा २५ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (२) थपी साविक उपदफा (२) लाई उपदफा (३) कायम गर्ने :-

"(२) कसैले दफा ५ को उपदफा (१) वा (२) प्रतिकूल हुने गरी गरेको कसूरमा त्यस्तो कसूर गर्ने गराउनेलाई सो कसूर गरे बापत प्रचलित कानूनले कुनै सजाय हुने रहेछ भने सोही बमोजिम सजाय गर्नु पर्नेछ र सो नभएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना गर्नु पर्नेछ ।"

(ख) साविकको उपदफा (२) (उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३)) को खण्ड (ख) र (ग) झिकी त्यसपछिका खण्डक्रम मिलाउने ।

(ग) साविकको उपदफा (२) (उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३)) पछि देहाय बमोजिम उपदफा (४) थप्ने :-

"(४) आमसञ्चारको माध्यमबाट यस ऐन विपरीत कुनै विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण भउकोमा त्यस्तो सञ्चार माध्यमको सम्पादन सम्बन्धी कार्यभार सम्हाल्ने सम्पादकलाई सोही कारणले मात्र यस ऐन बमोजिम सजाय गरिने छैन ।

तर, त्यस्तो सम्पादक नै आमसञ्चार माध्यमको सञ्चालक भएकोमा यस दफा बमोजिम सजाय गर्न बाधा पर्ने छैन ।"

१३. विधेयकको दफा २८ को सट्टा देहायको दफा २८ राख्ने :-

"२८. मुद्दा हेर्ने अधिकारी : (१) दफा २५ का उपदफा (२) बमोजिम प्रचलित कानून अन्तर्गत सजाय हुने मुद्दा त्यस्तो कानूनले तोकेको अदालतबाट शुरु कारबाही, सुनुवाइ र किनारा हुनेछ र त्यस्तो कानून बमोजिम सजायको व्यवस्था नभएको कारण यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा त्यस्तो कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) दफा २५ को उपदफा (३) को खण्ड (क) अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार सम्बन्धित स्थानीय तहको न्यायिक समितिलाई हुनेछ ।

(३) दफा २५ को उपदफा (३) को खण्ड (ख) र (ग) अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार बोर्डलाई हुनेछ ।"

१४. विधेयकको दफा २९ को सट्टा देहायको दफा २९ राख्ने :-

"२९. प्रचलित कानून बमोजिम मुद्दा चलाइने : (१) दफा २५ को उपदफा (२) अन्तर्गत सजाय हुने मुद्दाको सम्बन्धमा प्रचलित कानून बमोजिम कसूर हुने भई त्यस्तो कसूरमा प्रचलित कानूनमा कुनै खास पक्षले मुद्दा चलाउने गरी व्यवस्था भएकोमा सोही बमोजिम नै मुद्दा चलाइनेछ ।

(२) दफा २५ को उपदफा (२) अन्तर्गतको मुद्दामा प्रचलित कानून बमोजिम मुद्दा नचल्ने अवस्था भई यस ऐन बमोजिम मुद्दा चलाउनु पर्दा त्यस्तो मुद्दामा नेपाल सरकार वादी भई चलाइनेछ । सो मुद्दा मुलुकी फौजदारी (कार्यविधि) संहिता ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।"

१५. विधेयकको दफा ३१ पछि देहायको दफा ३२ थपि त्यसपछिका दफाक्रम मिलाउने :-

"३२. बोर्ड मार्फत विज्ञापन गर्नु पर्ने : (१) सरकारी निकायले लोक कल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा बोर्ड मार्फत् गर्नु पर्नेछ र त्यस्तो विज्ञापन बापतको रकम बोर्ड मार्फत खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकायले कुनै विज्ञापन वा सूचना तत्काल प्रकाशन गर्नु पर्ने अवस्था भएमा विज्ञापन वा सूचनाको एक प्रति बोर्डलाई उपलब्ध गराई सो बापतको रकम बोर्ड मार्फत् भुक्तानी गर्ने गरी कुनै पनि माध्यमबाट विज्ञापन वा सूचना प्रकाशन गर्न बाधा पर्ने छैन ।"

१६. विधेयकको साविक दफा ३६ (दफाक्रम मिलाउँदा कायम हुने दफा ३७) मा रहेका "कार्यान्वयनको लागि" भन्ने शब्दहरुपछि "यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही" भन्ने शब्दहरु थप्ने ।

मिति : २०७५/१२/०७